सहज महिला बहुद्येश्यीय सहकारी संस्था लि.
मेचीनगर-१०, झापा

## **बाह्रौं** साधारण सभामा प्रस्तुत

# अध्यक्षज्यूको वार्षिक प्रतिवेदन

**आदरणीय प्रमुख अतिथि, अतिथिगण, शेयर सदस्यज्युहरु तथा पत्रकार ज्यूहरु** !

सहकारी अभिवादन ।

आज सहज महिला सम्बृद्धि बहुद्देश्यीय सहकारी संस्था उमेरले तेह्रौं वर्षमा हिंड्दैछ । हरेक वर्ष भाद्र महिनाको चौथो शनिवार साधारण सभा सम्पन्न गर्ने हाम्रो परम्परा अनुरुप नै सञ्चालन भई रहेको छ । नेपालको संविधान २०७२ ले प्रत्याभुति गरेको आर्थिक विकासको तीन खम्बा मध्येको एक खम्बा सहकारी हो । तर अहिले यो एक खम्बालाई सहकारी बिरोधीहरुबाट हल्लाउन खोजेको व्यवहार वर्तमानका कतिपय कानुनी आवरणका गतिविधिहरुले देखा पर्न थालेका छन् । तीन खम्बे आर्थिक आधार हुने र यसमा एक खम्बा सहकारी हुने उपलब्धी लिनको निम्ति थुप्रै नेपाली आमाका छोराछोरीहरुले रगत पसीना र जीवन दिएका छन् । यसका लागि मुलुकका महान सपुतहरु, ज्ञात अज्ञात शहीदहरुको ठुलो योगदान रहेको छ । आजको बाह्रौं साधारण सभाको यस घडीमा देशका ती महान शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । आन्दोलनमा होमिएर अङ्गभङ्ग भई अपाङ्ग हुनु परेका तमाम आन्दोलनका योद्धाहरुप्रति सम्मान व्यक्त गर्दछौं र शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं ।

**सहभागी शेयर सदस्यहरु तथा अतिथि गण !**

हाम्रो यो संस्था सदस्यहरुको अथक प्रयत्न र पहलकदमीबाट सामुहिकतामा आधारित भई गतिशील बनि रहेको छ । यसले आर्थिक वर्ष २०८१/८२ मा निम्न बमोजिमका प्रगति हासिल गरिएको छ ।

संस्थाले अघिल्लो वर्षको वासलात अङ्कमा २८.१%ले बृद्दि भएको छ । आ.व.२०८०/०८१ को वासलात रु.१,७९,०७,९४१।५७ बाट २०८२ असार मसान्तमा २,२९,४२,६३४।८४ भएको छ । २०८२ असार मसान्त सम्मको शेयर सदस्य संख्या २१६ जना (महिला संख्या: १९४, पुरुष संख्या:२२) रहेको छ । आ.व. २०८१/०८२ को वासलात अनुसार संस्थाको शेयर पूँजी रु.४४,२३०००।०० पुगेको छ । सदस्यहरुको वचत रकम रु. १,५२,८७,३३७।७६ रहेको छ भने कर्जा लगानीमा रु.१,२०,८७,०३१ रहेको छ । उद्योग तर्फ करीब ५० लाख र कृषि व्यवसाय परियोजनामा रु.५ लाख तथा व्यापार प्रबर्द्धनमा समेत करीब रु.१ लाखको लगानी रहेको अवस्था छ । कर्जा कारोबारको प्रतिकुल परिवेशमा पनि कर तिर्नु अघिको मुनाफा रु.६९९२७।०५ भएको छ।

## १. संस्थाका चालु कार्यक्रमहरु र तिनमा भएका प्रगतिहरु

### १.१ सहज सहकारी उद्योग सञ्चालन सित कृषि उत्पादन जोड्ने कार्यक्रम

सहज सहकारी उद्योग सञ्चालनमा छ । यसकालागि सम्बन्धित उद्योगमा शेयर पूँजी थप गर्ने सदस्यहरुका योगदान, संस्थाका सदस्यहरुको वचत गरि उद्योगका लागि करीब ५० लाखको लगानी सम्भव भएको छ । तोरी बाट खाने तेलको प्रशोधन र वितरण सेवामा सहभागिता बढ्दो छ । यसको बजारीकरण विस्तारको हाम्रो प्रयास जारी छ । यस कामले ***"व्यावसायिक कार्य, समूहको मेल, हरेकको भान्सामा शुद्ध तोरीको तेल"*** भन्ने संस्थाको नारा सार्थक बनाउने तर्फको काम निरन्तर जारी छ । संस्थाले गएको आ.व. २०८१/८२मा खाने तेल तथा पीना मात्र रु.२७,०१,२१६ को बिक्री गरेको छ भने तेल मिलबाट रु.२,८७,९७० को तोरी पेले वापत आम्दानी गरेको छ । रु.१०००००को विद्युतीय चुल्हो बिक्री गरिएको छ भने कृषि बाली उत्पादनबाट रु.२,३३,१५०।० को आम्दानी गरिएको छ ।

संस्थाले प्रारम्भिक साधारण सभाबाट नै ***"समूह सहकारिता, आजको आवश्यक्ता"*** भन्ने नारा तय गरेको हो । यसलाइ कार्यरुपले सफल पार्न शेयर सदस्यहरुको कृषि कार्य र उद्योगका कच्चा वस्तुको सफाइ कार्यमा श्रम सहभागिता आएको छ । हामीले गएका ४ वर्ष अघिबाट उद्योग स्थापना गरि अघि बढेका छौं । यो उद्योग मार्फत उत्पादन हुने तेल प्रयोग गर्ने सदस्य तथा समुदायका सदस्यहरुमा स्वास्थ्यमा सकारात्मक प्रभाव पारेकोले तेलको माग बढ्दो छ । गएको वर्षबाट बाह्रै महिना तेल खाँचो नहुने गरी बन्दोबस्त मिलाइएको छ । गए वर्ष बाटै १० वर्षका लागि २ बिगाहा जग्गा व्याज मरौनीमा लिइएकोले सामुहिक उत्पादनमा संलग्नता छ । छर

छिमेकका उत्पादक किसानहरुलाई समेत श्रम सहभागितामा संलग्न गराइ वार्षिक रुपमा करीब १०० जना लाई प्रत्यक्ष रोजगारी दिने कार्यक्रमको निरन्तरता छ ।

हाम्रा वरपर धान बाली उठाइ सकेपछि त्यसै खेर गइरहेको खाली जमीनको उपयोगबाट तोरी जस्तो महत्वपूर्ण तेल्हन नगदे बालीको प्रबन्ध मिलाउन किसानलाई प्रोत्साहित गर्ने काममा निरन्तरता दिइएको छ । यस उत्पादनको स्थायी बजारको रुपमा संस्था रहि आएको छ । किसानहरुका बीच तोरी बिक्री गर्न पाइने ठाउँ, यही सहज सहकारी उद्योग हो भनी सूचना पुऱ्याउन किसान बीच संस्था पुग्नु पर्ने जिम्मेबारीको काममा अझै बढोत्तरी गर्नु छ ।

तोरी उत्पादनको लागि किसानहरुलाई अभिमुखीकरण गर्ने र स्थानीय निकायको पनि सहयोग लिने र तोरी उत्पादन क्षेत्र बढाउन संस्था प्रयत्नरत छ । यसो गर्नाले किसानहरुले तोरी उत्पादन गर्ने, संस्थाले बजारको सुनिश्चितता दिने, किसानहरुको आयस्तर बृद्दि हुने अनि संस्थाको उद्योगका लागि चाहिने कच्चा वस्तु लिन कहीं बाहिर जानु नपर्ने परिस्थिति बनाउन सकिन्छ । यसबाट दुवै पक्षका आवश्यक्ताहरु पुरा भई दुवै पक्षको आर्थिक उपलब्धीमा विकास हुने अपेक्षा छ । संस्थाले खरीद गरेका तोरी र सोको प्रशोधनबाट प्राप्त हुने तेलबाट सदस्यहरु र स्थानीयलाई समेत शुद्ध सफा र मिसावटरहित खानेतेलको लाभ हुने छ । फलस्वरुप **'व्यावसायिक उत्पादन, समूहको मेल, हरेकको भान्सामा शुद्ध तोरीको तेल'** भन्ने संस्थाले तय गरेको नारा सार्थक बनाउन व्यवहारत: सम्भव हुनेछ । यसकामबाट बजारका रासायनिक तथा मिसावटयुक्त अशुद्ध तेलका कारणले हुने विभिन्न रोगबाट बच्न, बचाउन योगदान पुग्ने विश्वास गर्न सकिन्छ ।

### १.२. खुत्रुके वचत तथा वाल वचत कार्यक्रम

संस्थाको **'अब शिशु दिनदिनै ठुलो हुन्छ जवानी ! वचत गर्ने शिशुको सहज जिन्दगानी'** भन्ने नाराका साथ खुत्रुके वचत गर्ने कार्यक्रम छ । यस वचत कार्यक्रममा सहभागिता बढ्दो छ । इच्छुक वालवालिका र तिनका अभिभावकले वाल वचत शीर्षकमा र आफैं खुत्रुकेको व्यवस्था गरेर पनि संस्थामा खुत्रुके वाल वचत गर्न सकिने प्रावधान रहेकोले हालमा खुत्रुके वचत तर्फ ३३ जना र खुत्रुके वाल वचत तर्फ १९ जना गरि जम्मा ५२ जना वालवालिकाहरुको सहभागिता छ ।

### १.३. सामाजिक दायित्वको कार्यक्रम

सामाजिक कार्यमा सहयोग पुऱ्याउने इच्छा पुरा गर्ने गरि दिनको रु.१ बुझाई जम्मा गरेको सामाजिक दायित्व कोषमा रु.२,५३,६२९।१४जम्मा भएको छ । यस कोषमा जम्मा भएको रकमबाट संस्थाका प्रतिनिधिहरु मार्फत सदस्यहरुको परिवारमा आउने कोख देखि शोक सम्मका कामहरुमा सहभागिता जनाइ सुख,दू:खको काममा साथ दिन विषय अनुसार खुशीमा उपहार र दू:खमा अनुदान सहित संस्थाको उपस्थिति हुने गरेको काममा निरन्तरता छ।

### १.४. सदस्य उपकार कार्यक्रम

सदस्यहरु तथा सदस्यहरुका परिवारमा आकस्मिक रुपमा पर्न आउने स्वास्थ्य समस्याको आकस्मिक सम्बोधन गर्ने उद्येश्यले स्थापना गरिएको र **'सुस्वास्थ्यका लागि सहज पाइला'** कार्यक्रमको नाम सदस्य उपकार कार्यक्रम हो । यसका लागि सदस्यहरुबाट जनहि रु.५,०००।० संकलन गर्ने गरिएको छ ।

यो कार्यक्रममा सहभागी भएको २ आर्थिक वर्ष पुरा भएपछि उपचारार्थ अस्पताल भर्ना भई उपचारमा रहेका बखत बढीमा रु.२५०००।० सम्मको रकम अस्पतालमै पुऱ्याइ दिने गरि ६ महिना सम्मको लागि सदस्य स्वयम्लाई वार्षिक ६% र सदस्यको परिवारकालागि वार्षिक ९% को व्याज दरमा सोही अवधिका लागि आकस्मिक कर्जा उपलब्ध गराउने व्यवस्था रहेको छ । यस कार्यक्रममा सहभागी हुने सदस्य संख्या १२० जना पुगिएको छ।

संस्थाले **'सुरक्षााका लागि सहज पाइला'** नाममा कार्यक्रम ल्याएको र यसको कार्यान्वयनमा लागत सहभागिता रहने सदस्य उपकार कोषमा रकम जम्मा गर्ने क्रम निरन्तर बढ्दो छ ।

### १.५. भ्रमण कार्यक्रम

सहकारी संस्था भनेको सदस्यको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणका लागि विभिन्न ठाउँ विशेष, संस्कृति विशेष आधारमा मानवीय श्रम, सीप, पूँजी र प्रविधिलाई उपयोग गरि मानिस मात्रको चेतनाले गरि

खाने जो हो जे गरिरहेका छन् , तिनको सिको सिकेर गर्न सकिने जति आफ्नो सदस्यले पनि अवलम्बन गर्न प्रेरित गराउने निकाय हो । तिनको अध्ययन अवलोकन बाट हाम्रो पनि जीवनस्तरमा परिवर्तन गर्न सम्बन्धित स्थानमा समूदाय कसरि परिचालित भइ रहेछन् भन्ने ज्ञानको प्रत्यक्षीकरण गर्न, सदस्यहरुलाई सहभागी गराई अनुभवको आदान प्रदान गर्न, अवलोकन बाट प्राप्त ज्ञानहरुको संग्रह गर्न, राम्रा अभ्यासहरु अनुकरण गरी त्यस्ता कामहरुबाट सदस्यहरु लाभान्वित हुन विभिन्न क्षेत्रको भ्रमणमा जान आवश्यक हुन्छ । यही आवश्यक्ता पुरा गर्न संस्थाले सदस्यहरुबाट हरेक वर्षको चैत्र महिनामा वार्षिक रु.१०००को लागत सहभागिताबाट भ्रमण कोषको व्यवस्था हुँदैछ । हाल सम्ममा यस कोषमा रु. २३४०००।० जम्मा भइ सकेको छ । यस कार्यक्रममा सहभागी हुन शुरु भएका शेयर सदस्यहरुको संख्या १०२  जना पुगेको छ । यस कोषमा सदस्यहरुको जनहि रु.१०,०००, पुगेको समयबाट यस कोषको वार्षिक व्याज आयको उपयोग गरिने तयारी रहेको छ । अर्थात यस कोषको रकमको लागतरहित रहने हुँदा संस्थाले कोषको रकम को १३% दरमा हुन आउने रकम भ्रमण प्रयोजनमा खर्च गर्नेछ । भ्रमणमा समय अनुरुपको लागत सहभागिता राख्ने वर्तमान प्रचलनलाई निरन्तरता दिई रहने छ ।

**१.६. विपद व्यवस्थापन कार्यक्रम**

संस्थाले गत ४ वर्षबाट प्राकृतिक प्रकोप या मानवनिर्मित प्रकोप या जंगली जनावरहरुको प्रकोपबाट पीडित सदस्यका लागि राहत उपलब्ध गराउने उद्येश्यले वार्षिक रु.१५० संकलन गरी विपद व्यवस्थापन कोष स्थापना गरिएको छ । गत आ.व.मा यस कोषमा रु.११५१२२।० संकलन भएको छ । यस कोषको मजबुतीका लागि न्युनतम १० वर्ष पछि मात्र यसको उपयोग गर्न शुरु गरिने योजना छ । यही कोषबाट सदस्यहरुमा आइ लाग्ने गम्भीर प्रकृतिका दीर्घकालिक रोगका उपचारमा समेत रोग हेरी उपचार स्थलमा नै आर्थिक सहयोग पुऱ्याउने लक्ष्य राखिएको छ । यसरि यस कोषको रकमबाट संस्थाको कोष परिचालन निर्देशिका अनुरुप सदस्यले लाभ पाउने व्यवस्था रहनेछ ।

**१.७. पारिवारिक राहत कोष कार्यक्रम**

संस्थाले गत ३ वर्षबाट प्राकृतिक प्रकोप या मानवनिर्मित प्रकोप या जंगली जनावरहरुको प्रकोपबाट पीडित सदस्यका परिवारका लागि राहत उपलब्ध गराउने उद्देश्यले वार्षिक रु.१३५ संकलन गरी पारिवारिक राहत कोष स्थापना गरिएको छ । गत आ.व.मा यस कोषमा रु.७३६९४।९९ संकलन भएको छ । यस कोषको मजबुतीका लागि न्युनतम १० वर्ष पछि मात्र यसको उपयोग गर्न शुरु गरिने योजना छ । यही कोषबाट सदस्यहरुका परिवारमा आइ लाग्ने गम्भीर प्रकृतिका समस्या या रोगका उपचारमा समेत रोग हेरी कोष परिचालन निर्देशिका बमोजिम आर्थिक सहयोग पुऱ्याउने लक्ष्य राखिएको छ ।

**१.८. आफ्नो सुरक्षा आफैं गर्ने वचत कार्यक्रम**

संस्थाले सदस्यहरुमा **आफ्नो सुरक्षा आफैं गर्ने** कार्यक्रम अर्न्तगत स्थायी वचत कार्यक्रम सञ्चालन गरिरहेको छ । यस कार्यक्रमले १०० या १००ले भाग जाने संख्यामा मासिकरुपमा अहिलेको आफ्नो आयबाट निश्चित रकम नियमितरुपमा संस्थामा राखी आफ्नो उमेर ७० वर्ष पुगे पछि ऐच्छिक वचत खाता सरह फिर्ता गर्न सकिने व्यवस्था गरिएको छ । यसबाट बुद्यौलीमा आइ पर्ने निजी हरेक किसिमका समस्याका समाधानका लागि परिवारका सदस्यहरु मा आइ लाग्ने आपत विपदमा समेत सहयोग गर्न पाउँदा हुने आत्म गौरव र सुरक्षा प्रबन्धका लागि यो कार्यक्रम ल्याइएको छ । हरेक सदस्य यो वचत कार्यक्रमका लागि सहभागी हुन अनिवार्य रहने व्यवस्था छ ।

**१.९. गाँस काटेर भए पनि वचत कार्यक्रम**

संस्थाले एउटा अवधि पुरा गरेर झिक्दा एउटा ठूलै गर्जो टार्न सकिने व्यवस्थाको वचतलाइ अनिवार्य वचतका नाममा दश वर्षे अवधिको वचत कार्यक्रम चलाएको छ । ०७० असारबाट शुरु भएको यो कार्यक्रममा सबै सदस्यहरु अनिवार्य सहभागी हुनु पर्दछ । १० वर्ष अवधि पुग्ने सदस्यको फिर्ता हुन शुरु भएको छ । रु.५०००।० वचत खातामा राखी बाँकी रकम झिक्न सकिने यो खातामा पुन: पूर्व दरमा नियमित रुपमा वचत कार्य गरि रहनुपर्दछ । कर्जा हुने सदस्यले अवधि पुगे पनि कर्जा चुक्ता भए पछि मात्र यो वचत रकमको भुक्तानीकालागि माग गर्न सकिने व्यवस्था छ ।

### १.१०. विभिन्न वचत कार्यक्रमहरु

संस्थाले सदस्यको विभिन्न प्रयोजनका आधारमा र संस्थाको आवश्यक्ताको आधारमा जम्मा २१ किसिमका वचत कार्यक्रमहरु सञ्चालनमा छन् । यसरि माथि उल्लेखित वचतहरु सहित सबै किसिमका वचत कार्यक्रमहरुबाट संकलन भएका कुल वचत रकम रु.१,५२,८७,३३७।७६ सङ्कलन भएको छ ।

### १.११. कर्जा लगानी सम्बन्धी कार्यक्रमहरु

संस्थाले सामुहिक जमानतमा (बिना धितोमा) रु.१०,००० देखि रु.७,००,०००।० सम्मको रकम संस्थाको वचत तथा कर्जा निदेशिका अनुरुप हुने गरि कर्जा लगानी गर्ने गरेको छ । शेयर सदस्य साथीहरुकै इमान्दारीपूर्ण व्यवहारको आधारमा कारोबारमा नियमितता दिने व्यवस्था छ । यसै गरि गत वर्षबाट धितो जमानतमा समेत कर्जा लगानी शुरु गरिएको छ । गत आ.व.मा लगानीमा रहिरहेको कर्जा लगानी रकम रु.१,२०,८७,०३१ रहेको छ ।

### १.१२. संस्थाको कारोबार स्थिति

संस्थाले १३ आर्थिक वर्ष पुरा गरेको छ । यो अवधिमध्ये गत वर्षको तुलना गरी संस्थाको वासलातको विश्लेषण गर्दा औसतरुपमा शेयर पूँजीमा २०.१२% र वचत संकलनमा ३०.०३%ले बृद्दि भएको छ। यसै गरी वासलातमा १२.०५%, कर्जा लगानीमा ८.३२% को प्रगति भएको छ ।

संस्थाको वार्षिक हिसाबलाई पर्ल्स वित्तिय विश्लेषणको आँखाबाट गत वर्षसित तुलना समेत गरि अध्ययन गर्दा निम्न समिक्षात्मक तथ्याङ्क प्राप्त भएको छ :

| क्र.सं | शीर्षक विवरण | यथार्थ(%मा) | गत वर्ष | हुनु पर्ने | टिप्पणी |
|---|---|---|---|---|---|
| १ | शेयर पूँजी | १९.२८ | २२.७३% | १०–२०% | राम्रो छ |
| २ | कोष हिसाब | ९.२८ | १०.६८% | कम्तीमा १०% | राम्रो छ |
| ३ | वचत हिसाब | ६६.६३ | ६४.००% | ७०–८०% | सुधार गर्नु छ |
| ४ | दायित्व हिसाब | ४.८१ | १.४५% | ५% | राम्रो |
| ५ | स्थिर सम्पत्ति | १०.९५ | १३.४५% | ५% | राम्रो(उद्योग भएकोले) |
| ६ | तरल लगानी | १७.९३ | १०.२४% | १०–२०% | राम्रो |
| ७ | कर्जा लगानी | ५२.६८ | ५८.१६% | ७०–८०% | अझै धेरै सुधार्नु छ |
| ८ | पाउनु पर्ने हिसाब | १८.४४ | ६.६% | १% | उद्योग को कारण |
| ९ | असुलीदर | ६० | ४०% | १००% | सुधार्नु पर्ने |

### १.१३. कर्मचारी सम्बन्धी व्यवस्था

कर्मचारीको रुपमा गत ४ वर्षबाट एक सहलेखापालको दरबन्दी र बजार प्रतिनिधि १ तथा मिल परिचालक १ जनाको पद सृजना गरि सो पदमा कर्मचारी नियुक्त गरि कामको जिम्मा दिइएको छ । संस्थाले सदस्यहरुको सहजताका लागि चालु वर्षबाट कार्यालय सहायकको समेत व्यवस्था गरि कार्यालय समय बिहान १० बजेबाट अपरान्ह ५ बजे सम्म खुला रहने व्यवस्था गरिएको छ ।

मासिक संकलनलाई पहिलो ७ दिन सम्म जम्मा गर्न सकिने व्यवस्थालाई निरन्तरता दिइएको छ । कर्मचारीहरुको आपसी समय बाँढफाँढबाट निजहरुले दैनिक संकलनको कार्य गर्न फिल्डमा रहने र बैङ्क जम्माका लागि अपरान्ह ४:१५ देखि ४: ४० सम्मको समय मिलाई कुनै एक जनाले अनिवार्य रुपमा कार्यालय खुला राख्ने व्यवस्था मिलाइएको छ । गत वर्षबाट २ जना बजार प्रतिनिधिको रुपमा कर्मचारी थप गरिएकोमा एक जना बाट मात्र सो कार्यमा संलग्नता रहेकोले चालु वर्षमा ३ जना सम्म बजार प्रतिनिधि र एक जना कम्प्यूटर अपरेटर र एक जना सहायक फिटरको दरबन्दी थप गर्ने योजना गरिएको छ । यसको विज्ञापन सदस्य भित्र सार्वजनिक गरिएको छ । चालु वर्षबाट सहलेखापाललाई लेखापालको दरबन्दीमा बढुवा गरि अधिकृत स्तरको कर्मचारी व्यवस्थापन गरिने छ ।

**१.१४ शिक्षा, तालिम तथा सूचना सम्बन्धी व्यवस्था**

संस्थाले गत दशौं साधारण सभाबाटै मासिक रुपमा सदस्य शिक्षा नियमित गर्ने घोषणा छ । हरेक महिनाको दोश्रो शनिबार सदस्य शिक्षा तालिम अन्तरगत वित्तीय साक्षरता, सहकारी व्यवस्थापन, सहकारी आधारभुत तालिम आदि विषयबाट उपस्थित सदस्यहरुमा अन्तरक्रियात्मक शिक्षा, तालिमको कार्यक्रमलाई निरन्तरता दिइ रहेको छ । यसको निरन्तरता रहने छ । संस्थाका सदस्यहरु जो कसैले यसमा सहभागी हुन पाइने भएको व्यहोरा समेतलाई पून: सुसूचित गराउने कार्य समेत निरन्तर रहने नै छ ।

**२. संस्थाका नीतिगत विषयहरु**

आदरणीय सदस्य महानुभावहरु !

हामीले अहिले गरि रहेकै काममा सुधार चाहिएको महसुस गरी संस्थाले ५ वर्षको रणनीतिक योजना पारित गरी लागु गरिएको पनि दोश्रो वर्षमा प्रवेश गरिएको छ । यसमा गत आ.व. सम्मका कामहरुको अनुभवलाई सामान्य विश्लेषण गरी सो रणनैतिक योजनालाई अझ समृद्ध पार्नु छ । सारांशमा देहायका शीर्षकहरुमा केही नीतिगत व्यवस्था गर्नु पर्ने भएकोले जानकारीका लागि अनुरोध छ ।

२.१ कृषि व्यवसाय परियोजना कार्यक्रममा सदस्यहरु आफैं संलग्न हुने र कृषि परियोजनाको नियमित काम कार्यवाहीहरुलाई नियमित रुपमै अनुगमन भइ रहने स्वचालित प्रक्रिया लागु गर्ने ।

२.२ सदस्यहरु सीपमूलक कार्यमा सामेल हुन आय आर्जनका योजनाहरु निर्माण गर्ने र सो आधारमा उद्यमशील बन्नु पर्ने । यसका लागि चालु वर्षबाट वचत समूहका हरेक मासिक वैठकमा वचत परिचालन समुह उपसमितिका संयोजक/सदस्यको उपस्थितिमा वैठक सञ्चालनलाई नियमित गरिने गत वर्षको निर्णय कार्यान्वयन गरिने छ ।

२.३ सदस्य शिक्षा, तालिम र सूचनामा अद्यावधिक भइ रहन उत्साहपूर्वक सहभागिता बढाउनु पर्ने।

२.४ असुली दर शत प्रतिशत बनाउन आ आफ्ना समूहका कर्जा लिने सदस्यहरु चिन्ने र सम्बन्धित सदस्यलाई नियमित कारोबारी बनाउन पहलकदमी लिन हरेक सदस्य जागरुक हुनु पर्ने ।

२.५ वचत तथा कर्जा कारोबारलाई पर्ल्स अनुकुल बनाउन चालु वर्ष बाट उद्योग वचतका नाममा वचत खाता लाई पून: सञ्चालन तथा स्थिर सम्पत्ति (घर/जग्गा)का लागि वचत खाताको व्यवस्था गर्ने, शिक्षा वचतमा समेत इच्छुक सदस्यको संख्या विस्तार गर्नु पर्ने ।

२.६ समुह निर्माण तथा सांगठनिक संरचनालाई भुगोल सापेक्ष हुने गरी पुर्नगठित गर्न सकिने । बिनाधितो सामुहिक जमानतमा हुने कर्जा कारोबारमा समूहका वचत रकम जिम्मेबार हुने गरी लगानी नीति चालु छ । थप जिम्मेवार बनाइनु पर्ने ।

२.७ सदस्यको काम कर्तव्य र अधिकारलाई सामुहिक, संस्थागत काम, मितव्ययिताको परिपालना, निर्णय प्रति जवाफदेही र सो को पालनाको नियमिततालाई अनिवार्य शर्तको रुपमा पालना गर्ने बनाउन कार्यनिर्देशिकाहरु लागु गरिने ।

२.८ कर्मचारी तथा बीमा व्यवस्थापन सम्बन्धमा गत साधारण सभाको निर्णयहरु कार्यान्वयनमा ल्याइने ।

२.९. गत वर्ष झैं हरित वातावरणको रक्षार्थ सम्भव व्यापार प्रवर्द्धन गरिने ।

२.१० सदस्यलाई सीपमूलक तालिम प्रदान गरी उद्यमशीलताको लागि प्रवर्द्धन गरिने ।

२.११ संस्थाको कामको सिलसिलासित अनुकुलता हुने नयाँ कामका लाथि आवश्यक क्षेत्रको काममा सर्वेक्षणको कार्य गरिने ।

२.१२ कार्यालयलाई आधुनिक प्रविधिमैत्री बनाउन आवश्यक प्रबन्ध मिलाउने ।

२.१३. वर्ष २०८३ को क्यालेण्डर प्रकाशन गर्ने ।

२.१४ शेयर सदस्यहरुलाई शेयर पूँजी थप गर्न सदस्यहरु बीच अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गर्ने । यसमा १००कित्ता मात्र शेयर हुने सदस्यलाई १०० कित्ता पुर्‍याउन, १००कित्ता मात्र शेयर हुने सदस्यलाई रु.२००कित्ता पुर्‍याउन, एवमे रीतले शेयर कित्ता बढाउन सदस्यहरुलाई अभिप्रेरित गर्ने र बढीमा २००० कित्ता सम्मको शेयर खरीदका लागि अनुमति दिने ।
हरेक पटकको कर्जा कारोबार गर्न चाहने सदस्यहरुका लागि कर्जाको १०%शेयर पूँजी हुने सदस्यलाइ कर्जा कारोबारमा नियमितता दिन रु. ५०००को शेयर पूँजी थप थप गर्नु पर्ने प्रबन्धलाई निरन्तरता दिने ।

२.१५ जग्गा खरीदको योजना कार्यान्वयन गर्न सदस्यहरुलाई उद्योग वचत, शिक्षा वचत, निश्चित वचत आदिमा वचत जम्मा गर्न प्रेरित गर्ने र सो रकमलाई राष्ट्रिय सहकारी बैङ्कमा क्रमिक वचतको रुपमा जम्मा गर्दै लगी आजका ३ वर्ष पछि उपयुक्त ठाउँमा जग्गा खरीद गर्न उल्लेखित रकम उपयोग गर्ने ।

२.१६ शेयर रकमको ५०% ले हुन आउने रकमलाई संस्थाको जग्गा खरीदमा उपयोग गर्न सकिनेछ ।

२.१७ संस्था सञ्चालन प्रयोजनमा चालु रहेको सहज सञ्चालन निर्देशिका र सो भित्र रहेका वचत तथा ऋण निर्देशिका, कोष परिचालन निर्देशिका, आर्थिक तथा प्रशासनिक निर्देशिका, उद्योग सञ्चालन निर्देशिका, विद्यालय सञ्चालन निर्देशिकाका व्यवस्थालाई समसामयिक परिमार्जन गर्ने ।

२.१८ चालु वर्षबाट लागु हुने गरि सम्पत्ति शुद्धीकरण(मनि लाउण्डरिङ्) निवारण निर्देशिका, कृषि परियोजना सञ्चालन निर्देशिका, कर्मचारी प्रशासन निर्देशिका, जिन्सी व्यवस्थापन निर्देशिकाको तयार मस्यौदालाई यस साधारण सभा समक्ष स्वीकृतिका लागि पेश गरिनेछ ।

२.१९ विनियमको उद्देश्यमा विभिन्न बैङ्कहरुसित कर्जा बारोबार गर्ने सम्बन्धी व्यवस्था स्पष्ट नभएकोले विनियम संशोधन प्रस्ताव समेत सम्मानित साधारण सभा समक्ष पेश गरि कर्जा कारोबारका लागि बाटो खोली उद्योगको स्तर उठाउन बाह्रय ऋणको उपयोग गरिने कार्यक्रम छ ।

२.२० संस्थाको कारोबार बृद्धि भइ रहेको अनुपातमा कार्यालयमा कर्मचारी संख्याको बृद्धि भइ रहेको, कामका प्रकृति अनुरुप काउण्टर १, लेखापाल कक्ष १, समिति, लेखा समिति कक्ष १ र तालिम कक्ष १, भान्सा कोठा १ र सभा हल १ सहित शौचालय समेतको व्यवस्था हुने भवन कोठामा कार्यालय व्यवस्थापन हुने गरी कार्यालय व्यवस्थापन गर्न समितिले अध्ययन गरी व्यवस्थापन गर्नेछ ।

अन्य थप केही नयाँ व्यवस्थाहरु आगामी नीति तथा कार्यक्रममा उल्लेख गरिए बमोजिम हुने छ । दोश्रो सत्रमा सोको विषयमा तथ्याङ्क सहित विस्तृत चर्चा र छलफल गरिनेछ ।

**आदरणीय उपस्थित सदस्य महानुभावहरु,**

संस्थाले आफ्नो कामको रुपमा देहायको **प्रतिबद्धताहरुलाई सदैव पथ प्रदर्शक बनाइ रहने प्रण गर्दछ :**

१. सैद्धान्तिक रुपमा संस्था सदस्यको हितमा मात्र केन्द्रीत रहनेछ ।

२. संस्थाको दूर दृष्टि : **समूह सामुहिकता र व्यवसायिकता** हो ।

३. सदस्यहरुको क्रियाशीलतामा मात्र संस्थाका कठिन कार्य पनि सहज हुनेछ ।

४. कर्मचारी व्यवस्थापन र परिचालनमा पारदर्शी र जवाफदेही व्यवस्था मार्फत मात्र सेवा सुरक्षाका साथ संस्थाको काममा गौरव गर्ने परिस्थिति रहनेछ

५. जहिलेसुकै पनि सुशासन र सहकार्यको कार्यविधि मार्फत मात्र संस्थाले कार्य सम्पादन गर्नेछ ।

६. संस्था सधैं नवीन प्रविधि र परियोजना तिर अग्रसर रहनेछ ।

७. जुनसुकै काममा समूदायको हितमा, स्वयम्सेवी संलग्नता केन्द्रित गतिविधि अपेक्षित हुनेछ ।

अन्तमा,

प्रमुख अतिथि, अतिथि लगायत सबै सदस्यहरुमा संस्थाको यस गौरवपूर्ण र ऐतिहासिक सभालाई गरिमामय बनाउन पुऱ्याउनु भएको योगदान प्रति संस्था हार्दिक आभार व्यक्त गर्न चाहन्छ । पुन: सम्मानका साथ कृतज्ञता व्यक्त गर्दै सबैको सामुहिक प्रयास हुँदा मात्र संस्थाका उल्लिखित कामहरुले संस्थाको आगामी यात्राको निम्ति गोरेटो हुने अपेक्षाका साथ प्रतिवेदन समाप्त गर्न अनुमति चाहन्छु । अभिवादन सहित जय सहकारी ।

**संस्थाको तर्फबाट,**
**शारदा शर्मा,**
**अध्यक्ष**

सहज महिला बहुउद्देश्यीय सहकारी संस्था लि.
मेचीनगर-१०, झापा

# बाह्रौं साधारण सभामा प्रस्तुत नीति तथा कार्यक्रम

उपस्थित शेयर सदस्य तथा साधारण सभाका सभासद्हरु !! सहकारी अभिवादन !!!

हामी साधारण सभामा उपस्थित छौं । यस बेला हामी संस्थाका संस्थापक सदस्यहरुमा सम्मान व्यक्त गर्न चाहन्छौं । विभिन्न कारणबाट दिवङ्गत सदस्यहरुमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छौं ।

**१. आगामी नीति तथा कार्यक्रमहरु**

**१.१ समसामयिक मुद्दामा आधारित भई विनियम संशोधन (परिमार्जन) गर्ने ।**

१.१.१ विनियमका साविक उद्देश्यमा देहायका उद्देश्यहरु थप गर्ने :

१.१.१.१ **विभिन्न प्रकृतिका बीमा कार्यक्रममा सदस्य तथा संस्थाको सहभागिताका लागि बीमा अभिकर्ता भई बीमा सम्बन्धी कार्य गर्ने ।**

१.१.१.२ **संस्थालाई आधुनिक प्रविधि मैत्री बनाउन बैङ्किङ् कार्यक्रमका लागि चाहिने क्यू .आर.कोड लिने, संस्थाको वेभ साइट निर्माण गरी राष्ट्रिय तथा अन्तरराष्ट्रिय सम्बन्ध विस्तारमा सहभागी बन्ने ।**

१.१.१.३ **सदस्यहरुलाई वातावरणीय सरसफाइ प्रदुषण नियन्त्रण, उद्यमशीलता विकास आदिका लागि तालिम कार्यक्रम सञ्चालन गर्ने ।**

१.१.१.४ **सदस्यहरुलाई कृषिमा आधारित तथा जैविक विधिमा आधारित उत्पादन र बजारीकरणका लागि अभिप्रेरित गर्दै सामेल गर्ने ।**

१.१.१.५ **संस्थाले आवश्यक्ताका आधारमा विभिन्न वित्तीय तथा बैङ्कहरुसित कर्जा तथा वचतका कारोबार गर्ने ।**

**१.२ सहकारी मापदण्ड २०८१ अनुकुल बनाउन तयार भएको देहाय बमोजिमका निर्देशिकाको मस्यौदाहरु पारित गरि २०८२ असोज १ गतेबाट लागु गरिने ।**

**१.२.१)सहज सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्) निवारण निर्देशिका २०८२**
**१.२.२) सहज कर्मचारी प्रशासन निर्देशिका २०८२**
**१.२.३) सहज कृषि परियोजना सञ्चालन निर्देशिका २०८२**
**१.२.४) सहज जिन्सी व्यवस्थापन निर्देशिका २०८२**

**१.३ संस्थाको सबै निर्देशिकाहरुको सञ्चालनका लागि व्यवस्था गरिएको सहज सञ्चालन निर्देशिकामा नवनिर्मित निर्देशिकाहरु समेत निहित रहने गरि सहज सञ्चालन निर्देशिका र यस मातहत निम्न निर्देशिकाहरु समसामयिक प्रबन्ध राखी पेश भएको मस्यौदा निर्देशिकाहरु पारित गर्ने ।**

**१.३.१) सहज सञ्चालन निर्देशिका (चौथो संशोधन) २०८२ र यस मातहत रहने निम्न निर्देशिकाहरु परिमार्जन गरिने :**

**१.३.१.१) सहज आर्थिक तथा प्रशासनिक निर्देशिका (दोश्रो संशोधन) २०८२**
**१.३.१.२) सहज वचत तथा ऋण निर्देशिका (दोश्रो संशोधन) २०८२**
**१.३.१.३) सहज कोष परिचालन निर्देशिका (दोश्रो संशोधन) २०८२**
**१.३.१.४) सहज उद्योग सञ्चालन निर्देशिका (दोश्रो संशोधन) २०८२**
**१.३.१.५) सहज विद्यालय सञ्चालन निर्देशिका (दोश्रो संशोधन) २०८२**

**१.३.२) अनुसूचीहरुमा परिमार्जन गर्ने**

**नव निर्मित तथा परिमार्जित निर्देशिका एवम् प्रचलित कानुनले माग गर्ने तथ्याङ्कका आधारमा सो अनुकुल हुने गरि अनुसूचीहरुको नयाँ व्यवस्था र साविक अनुसूचीहरुको समेत निण्यानुकुल परिमार्जन गरिने ।**

**१.३.३) वचत तथा कर्जा मा प्रदान गरिदैं आएको वचतको व्याज दरमा १% तथा कर्जा लिइदै आएको व्याजदर मा कम्तीमा १%ले हुन कम गर्ने साथै कर्जा किस्ताका लागि आवश्यक हुने रकम दैनिक**

**रुपमा वचत गर्ने ऋणमा कर्जाको किसिम अनुसार देहाय बमोजिम व्याज दर कायम गरिने गरि अनुसूची ३ र ४ संशोधन गर्ने ।**

**१.३.३.१) खुद्रा व्यापारिक कर्जा : १०५ दिनमा ऋण चुक्ता हुनेमा ६%**

**१.३.३.२) व्यावसायिक कर्जा : ३०० दिनमा ऋण चुक्ता हुनेमा ८% र**

**१.३.३.३) व्यापारिक कर्जा : ३३० दिनमा ऋण चुक्ता हुनेमा ९% यसै गरि देहायको शीर्षकका ऋणहरुमा आवेदन शुल्क, सेवाशूल्क तथा व्याजदर देहाय बमोजिम हुने गरि लागु गरिने :**

| क्र.सं | कर्जा शीर्षक | कर्जा प्रकृति | आवेदन | अवधि | सेवा | व्याज दर (प्रतिशतमा) |
|---|---|---|---|---|---|---|
| १ | व्यवसायिक कर्जा | दैनिक वचत कर्जा/३०० चाहिने | २०० | ३०० दिन | १% | (८ वा १३) |
| २ | व्यापारिक कर्जा | दैनिक वचत कर्जा/३३० चाहिने | २०० | ३३० दिन | १% | (९ वा १३) |
| ३ | खुद्रा व्यापार कर्जा | दै. कर्जा/१०५ चाहिने | २०० | १०५ दिन | १% | (६ वा १३) |
| ३.१ | गाई भैंसी पालन कर्जा | किस्ता र व्याज चाहिने | २०० | १५ महिना | १% | १२ |
| ३.२ | हाँस कुखुरा कर्जा | किस्ता र व्याज चाहिने | २०० | ६ महिना | १% | १२ |
| ३.३ | बाखापालन कर्जा | किस्ता र व्याज चाहिने | २०० | १८ महिना | १% | १२ |
| ३.४ | कृषि उद्यम कर्जा | किस्ता र व्याज चाहिने | २०० | ६ महिना | १% | ११ |
| ४ | थातबास कर्जा | किस्ता र व्याज चाहिने | २०० | २ वर्ष | १% | १३ |
| ५ | सामाजिक कर्जा | किस्ता र व्याज चाहिने | २०० | २४ महिना | १% | १३ |
| ६ | तरलता कर्जा | निश्चित वचत चाहिने | २०० | १२ महिना | ०.५ | १४ |
| ७ | शैक्षिक कर्जा | उच्च शिक्षामा | २०० | ५ वर्ष | १% | ११ |
| ८ | सवारी साधन कर्जा | ५०% डाउन पेमेन्ट चाहिने | २०० | २ वर्ष | १% | १४ |
| ९ | बीमा कर्जा | सावधिक बीमाको प्रिमियमका लागि | २०० | १० महिना | १% | १४ |
| १० | समुह कर्जा | समुहको निर्णय चाहिने | २०० | ८ महिना | १% | ११ |
| ११ | वैकल्पिक ऊर्जा कर्जा | तोकेकै कामका लागि मात्र | २०० | १८ महिना | १% | ११ |
| १२ | परियोजना कर्जा | परियोजनामा आधारित | २०० | ६० महिना | १% | १४ |
| १३ | लघु उद्योग कर्जा | स सानो उद्योग चलाउन | २०० | २४ महिना | १% | ११ |
| १४ | बैदेशिक रोजगार कर्जा | विदेश जाने अनुमतिको कागज चाहिने | २०० | ५ वर्ष | १% | १४ |

२. **सदस्य सेवा बिस्तार :** यसका लागि निम्न बमोजिमका क्रियाकलापहरु गरिनेछ :

**२.१ सदस्य संख्यामा बृद्धि :**

हालमा रहेको २१६ जना सदस्य संख्यालाई आगामी ४ वर्षमा ६८४ जनाको संख्या पुऱ्याउने । सदस्य संख्यामा २१६।६७ % बृद्धि गरिने । यो संख्या कार्यक्षेत्रको जम्मा घरधुरी संख्या २५५३१को २.६७ % हुने । यो दर कायम गर्न देहाय बमोजिमका कार्यहरु गरिनेछन् :

२.१.१ हरेक समूहमा वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम गरी संस्थाबारे जानकारी गराई कार्यक्षेत्र भित्र रहेका घरधुरीलाई संस्थाको सदस्य हुन अभिप्रेरित गरिने छ ।

२.१.२ व्यक्तिगत भेटघाटलाई निरन्तरता दिने, घरधुरीका परिवारहरुको उत्पादन सम्बन्धसित जोडेर संस्थाको उद्यमशीलता सम्बन्धी कामका लागि उत्प्रेरित गर्ने र अझ प्रभावकारी रुपमा सो उत्पादन सम्बन्धको बढोत्तरीमा सहभागिता जनाउन अभियान संचालन गरिने छ ।

२.१.३ सहकारी शिक्षा शिविर तथा वित्तीय साक्षरता कार्यक्रम संचालन गरिने छ ।

२.१.४ कर्जा तथा वचतका विभिन्न प्रकार र विमा तथा संस्थाका विविध सेवाहरु बारे स्पष्ट गर्दै यो कामका लागि अभिप्रेरित गरिने छ ।

२.१.५ एक सदस्यले थप १ नयाँ सदस्य बनाउने तथा धेरै सदस्य बनाउने सदस्यलाई पुरस्कृत गर्ने व्यवस्था गरिने छ ।

२.१.६ श्रमिक, महिला, दलित तथा जनजातिहरुको सहभागिता बढाउन तथा तिनका श्रम, सीप, पूँजीमा प्रविधि र नवप्रवर्तनका निम्ति उत्प्रेरित हुने कार्यक्रम मार्फत उत्पादनका लागि विषेश जोड दिइने छ।

२.१.७ सदस्यहरुका अन्तरनिहित सीप प्रबर्द्धनका कार्यक्रमबाट स्वरोजगार र आय बृद्धिका लागि सहजीकरण गरिनेछ ।

**३ वचत रकममा बृद्धि**

संस्थामा रहेको कुल बचत रकम रु. १,५२,८७,३३३.७६ वाट आगामी ४ वर्षमा कुल बचत रकम रु.६०६३५२७९.६७ पुऱ्याइने छ । यो रकम कुल योजना अवधिको शुरुवातको तुलनामा २९६.६४ % ले बृद्धि हुनेछ ।

३.१ लक्ष्य अनुसारको बचत बृद्धि गर्न निम्नानुसारको कार्यहरु गरिने छ :

३.१.१ नियमित बचत निर्देशिका बमोजिम निश्चित अवधिसम्म झिक्न नपाइने नीतिको निरन्तरता दिइनेछ ।

३.१.२ चालु वर्षबाट उद्योग वचत कार्यक्रम र शिक्षा वचत को कार्यकमका लागि अभिमुखीकरण गरी सदस्यहरुको वचत प्रवृत्तिमा कढोत्तरी गरिनेछ । उद्योग वचतको ३ वर्षे र शिक्षा वचत को अवधि ५ वर्षको गरिनेछ । १०००० वा १०००० ले भाग जाने अङ्क वचत गर्न सकिनेछ । तोकिएको अवधिमा न्युनतम वचतको १०% रकम  न्युनतम मौज्दात राखी बाँकी रकम उपयोग गर्न सकिनेछ ।

३.१.३ बाल बचत १६ वर्ष पुगे पछि मात्र झिक्न पाईने व्यवस्थाको निरन्तरता दिइने छ ।

१.३.१.४ बचतका योजनाहरुमा निश्चित वचत अब उप्रान्त ३ वर्ष सम्मका लागि मात्र संकलन गरिनेछ ।यसका अतिरिक्त ऐच्छिक तथा क्रमिक वचत सेवाहरुको सञ्चालनमा निरन्तर प्रोत्साहन गरिने छ ।

३.१.५ चालु वर्षबाट सवै भन्दा बढी बचत गर्ने सदस्यहरु मध्ये नदोहोरिने गरि २ जनालाई हरेक वार्षिकोत्सवमा सम्मान गर्ने व्यवस्था गरिनेछ ।

३.१.६ नियमित वचतको नियमानुसार फिर्ता गर्ने अवधि पुग्दा न्युनतम मौजदातमा राख्नु पर्ने रकम राखी वचत तथा ऋण निर्देशिकामा प्रबन्ध भए बमोजिम वचत फिर्ता गर्न सकिने व्यवस्था गरिनेछ ।

३.१.७ वचत कार्यक्रमका आधारमा कर्जा लगानीको रकम निर्धारण हुने प्रबन्ध गरिनेछ ।

३.१.८ समुहका सदस्यहरुका नियमित वचतको योगको ८०% हुने आधारमा सम्बन्धित समूहका सदस्यलाई निजहरुको मागका आधारमा दिइने कर्जा रकम निर्धारण गरिनेछ

३.१.९ उद्यमशील, उत्पादनकार्यका लागि मात्र वचत रकमबाट कर्जामा प्राथमिकता रहने प्रबन्ध गरिनेछ ।

**३.२ स्थायी वचत फिर्ता सम्बन्धी व्यवस्था**

संस्थाका सदस्यहरुमध्ये ७० वर्ष उमेर पुगे पछि साधारण वचत सरह कारोबार गर्न पाउने साविक व्यवस्थालाई यथावत राख्दै यस खातामा वचत गर्ने प्रक्रियाको निरन्तरता रहेकै बखत यदि सदस्यको देहान्त  भएमा सो रकम सके सम्म देहान्त भएकै दिन परिवारमा हस्तान्तरण गर्ने व्यवस्था गरिनेछ ।

**४ शेयर रकममा बृद्धि**

हाल संस्थामा रहेको कुल शेयर रकम रु. चौवालिस लाख तेइस हजारवाट आगामी ४ वर्षमा कुल शेयर  रकम रु एक करोड ७० लाख ७१ हजार पुऱ्याइने छ । यो रकम योजना अवधिको तुलनामा २४५.५% ले बृद्धि हुनेछ ।

४.१ लक्ष्य अनुसारको सदस्य बृद्धि गर्न निम्नानुसारको कार्यहरु गरिने छ :

४.१.१ सबै सदस्यहरुलाई हरेक कर्जा लगानीमा कम्तिमा रु. ५००० रकम बराबरको शेयर खरिद गराइने व्यवस्थाको निरन्तरता रहनेछ ।

४.१.२ नयाँ सदस्यता प्रदान गर्दा संस्थाबाट खरिद गर्नुपर्ने कुल शेयर रकम १० कित्ता अनिवार्य खरीद गर्ने र आ.व. भित्र थप कित्ता खरिद गर्न पाउने व्यवस्था मा निरन्तरता दिइने छ ।

४.१.३ हरेक वार्षिकोत्सबमा सवै भन्दा बढी शेयर खरिद गर्ने सदस्यहरु मध्ये नदोहोरिने गरि २ जनालाई सम्मान गरिनेछ ।

४.१.४ सके सम्म सदस्यबाट आगामी ८ वर्ष सम्म शेयर फिर्ताको माग नगर्न र गरेमा पनि उपलब्ध शेयर सदस्यहरुबाट सो शेयर पूँजी बराबरको रकम को प्रबन्ध मिलाएर मात्र सो सदस्यलाई शेयर पूँजी फिर्ता गर्न सकिने प्रबन्ध गरिनेछ ।

४.१.५ सदस्यलाई ऋण प्रदान गर्दा १० हजार देखि २० हजार सम्मको कर्जा लगानीमा कुल शेयरको २० गुना र सो भन्दा माथिको कर्जा लगानी गर्दा शेयर पूँजीको १० गुना सम्म मात्र ऋण प्रदान गर्ने रणनीति अवलम्बन गरिनेछ ।

४.१.६ श्रमिक, महिला, दलित तथा आर्थिक रुपमा कमजोर सदस्यहरुमा सामुहिक व्यावसायिकताका लागि समेत शेयर पूँजी राख्न सक्ने प्रबन्ध गरिनेछ ।

## ५ खर्च न्यूनिकरण

संस्थामा अति आवश्यक खर्च बाहेक कुनै किसिमको खर्चहरु नगरिएको र आगामी दिनमा समेत गरिने छैन । अति आवश्यक खर्च मात्र गरि खर्च न्यूनीकरण गरिने छ भने योजना अवधिको शुरुवातमा रहेको सञ्चालन मुनाफा रु. अठ्सट्ठी हजारलाई क्रमश: बृद्धि गरी आ.व. २०८५/८६ मा रु.१,२८,५९० खुद नाफा पुऱ्याइने छ ।

### ५.१ व्यवस्थापन

**५.१.**१ बार्षिक बजेट तथा कार्यक्रम बनाई लागु गर्ने गरिएको र अर्धवार्षिक समीक्षा गर्ने गरिएकोमा चालु वर्षबाट हरेक तीन महिनामा बजेट तथा कार्यक्रमको समिक्षा गरिने छ ।

**५.१.**२ बार्षिक बजेटको त्रैमासिक बाँडफाँड गरि अनुगमन तथा निरिक्षण गर्ने व्यवस्या मिलाइने छ ।

**५.१.**३ लेखा प्रणालीलाई सुदृढीकरण गर्न सदस्य संख्या ३०० जना भन्दा बढी भए पछि सफटवेयर प्रयोग गरिने छ ।

**५.१.**४ सञ्चालक एवं कर्मचारीहरुलाई संस्थामा विद्यमान रहेका नीति नियमहरुको बारेमा जानकारी दिन नियमित रुपमा दिइने गरिएको गोष्ठी सञ्चालनलाई निरन्तरता दिइने छ ।

**५.१.**५ लक्ष्यको तुलनामा प्रगतिको मासिक समिक्षा गरिने छ ।

**५.१.**६ संस्थाका सञ्चालन तथा व्यवस्थापन समुहलाई समसामयिक व्यवस्थापकीय क्षमता अभिबृद्धिका कार्यक्रमहरुबाट नियमित रुपमा आन्तरिक प्राविधिक जनशक्ति उपयोग गरी तालिम सञ्चालन गरिनेछ।

### ५.२ मानव संसाधन विकास

**५.२.**१ कर्मचारी सेवा तथा शर्त बनाई लागु गरिएको छ, थप व्यवस्थित गरिनेछ ।

५.२.२ कर्मचारीको मनोबल उच्च राख्ने गरि निजहरुको सेवा सुविधा प्रदान गरिनेछ ।

५.२.३ कर्मचारी प्रशासन निर्देशिकामा व्यवस्था भए अनुसार साविक कर्मचारीहरुको आगामी माघ १ गतेबाट र नयाँ नियुक्त हुने कर्मचारीहरुलाई नियुक्ति मिति देखि लागु हुने गरी महङ्गी वापत रु.२००० मासिक रुपमा भत्ता उपलब्ध गराइनेछ ।

**५.२.**४ सञ्चालक एवं कर्मचारीहरुलाई आवश्यकता अनुसार तालिम प्रदान गरिनेछ ।

**५.२.**५ पदीय जिम्मेवारी लिनु अघि नै स्पष्ट बुझेर मात्र जिम्मेवारी लिने व्यवस्था गरिने छ ।

**५.२.**६ संस्थाको लगानीमा रहिरहने ऋण, सदस्य विस्तार, वचत बृद्धि, कृषि व्यवसाय परियोजनाका काम, अन्य व्यापारिक कार्यमा संलग्नता र आय बृद्धिका आधारमा कर्मचारीले पाउने सुविधाहरु निर्धारण गरिनेछ।

**५.२.**७ संस्थाले श्रम सहभागिता, कार्यक्रममा सहभागिता, संस्थाको हरेक क्रियाकलापमा सहभागिताको मापदण्ड बनाई सो का आधारमा मानव संशाधनको विकास गर्न आवश्यक प्रबन्ध गर्ने रणनीति अवलम्बन गर्नेछ।

### ५.३ सामाजिक दायित्व

**५.३.**१ सदस्यहरुलाई निजहरुको क्षमता अभिबृद्धि तथा आयमुलक कामका लागि चाहिने आवश्यक र मागका आधारका सम्भव सीपयुक्त तालिम सञ्चालन गरिने छ ।

**५.३.**२ कृषि उत्पादनमा सदस्य सहभागिता बढाउन, सम्बन्धित उत्पादनको प्रशोधनको र बजारीकरणका लागि आवश्यक पहल गरिने छ ।

**५.३.**३ संस्थाले वार्षिक रुपमा भ्रमण कोषमा सदस्यहरुको लागत सहभागिता गराई रहेकोमा जनहि १०,००० पुऱ्याए पछि सो कार्यक्रममा सदस्यलाइ देशका विभिन्न नमुना योग्य शिक्षामुलक स्थानमा भ्रमण गराउन थालनी गरिने नीति कार्यान्वयन गरिनेछ ।

**५.३.**४ सामाजिक दायित्वको रुपमा हरेक सदस्यले दिनको रु १ का दरले सहभागिता जनाउने गरिएको सामाजिक दायित्व कोषको सहभागितालाई निरन्तरता दिइनेछ । समयानुकुल हुने गरी कोख देखि शोक सम्मका क्रियाकलापमा दान राशी परिमार्जन गर्दै लगिनेछ ।

**५.३.**५ सदस्य उपकार कोष, विपद व्यवस्थापन कोष तथा पारिवारिक राहत कोषको व्यवस्थापनका लागि सदस्यको सहभागितालाई निरन्तरता दिइनेछ र यसको परिचालन निर्देशिका बमोजिम हुनेछ ।

५.३.६ संस्थाको हितमा अर्थात प्राकृतिक विपत्ति वा मानव सृजित विपत्तिले संस्थालाई परिचालित हुन कठिन अवस्था आइ लाग्दा सदस्यलाई समेत कठिनाइ आइ पर्दछ । यस्ता बखत संस्था धराशायी हुने खतरा बाट जोगाउनु पर्ने हुन्छ । यस प्रयोजनका लागि चालु वर्षबाट वार्षिक रु.१००।०का दरले प्रत्येक सदस्यबाट संस्था हित कोषमा जम्मा गर्ने व्यवस्था लागु गरिनेछ । यो रकम एक आर्थिक वर्षमा २ पटक गरि जम्मा गर्न सकिने व्यवस्था गरिनेछ ।

## ६ सञ्चालन योजना

### ६.१. संचालक तथा लेखा समिति

सञ्चालक र लेखा समितिको क्षमता अभिवृध्दिका लागि संस्थाको आफ्नै स्रोत तथा विभिन्न निकायहरूसंग समन्वय गरी निम्न तालिमहरु संचालन गरिने छ :

| **तालिमको नाम** | **तालिम सञ्चालन गर्ने साल** | **समन्वय गरिने व्यक्ति वा संस्था** |
|---|---|---|
| सहकारी ऐन, नियमावली र संस्थाको विनियममा भएको मुख्य व्यवस्थाहरु | हरेक वर्ष, सदस्य शिक्षा तालिम | आन्तरिक प्राविधिक जनशक्तिको उपयोग |
| वित्तीय व्यवस्थापन तालिम | हरेक वर्ष, सदस्य शिक्षा तालिम | आन्तरिक प्राविधिक जनशक्तिको उपयोग |
| नेतृत्व विकास तालिम | हरेक वर्ष, सदस्य शिक्षा तालिम | आन्तरिक प्राविधिक जनशक्तिको उपयोग |
| लेखा तालिम | हरेक वर्ष, सदस्य शिक्षा तालिम | आन्तरिक प्राविधिक जनशक्तिको उपयोग |
| नीति निर्माण तथा कार्यान्वयन तालिम | हरेक वर्ष, सदस्य शिक्षा तालिम | आन्तरिक प्राविधिक जनशक्तिको उपयोग |

### ६.२ सदस्यहरुको क्षमता अभिवृध्दि

सदस्यहरुको क्षमता अभिवृध्दिका लागि निम्न तालिमहरु संचालन गरिने छ ।

(१) पशुपालन तथा कृषि तालिम
(२) संस्था अभिमुखिकरण तथा वित्तीय साक्षरता तालिम
(३) उद्यमशीलताका लागि सीपमूलक तालिम
(४) खाद्यवस्तु तथा खाने तेलको प्याकेजिङ् सीप सम्बन्धी तालिम
(५) कृषिमा आधारित उद्यमशीलता सम्बन्धी तालिम ।
(६) घरेलु प्रयोगमा रहेका विद्युतीय सामग्री मर्मत सम्बन्धी प्रयोग कर्ताहरुलाई तालिम ।
(७) सदस्यहरुको सामुहिक मागमा आधारित तालिमहरु ।

### ६.३ नीति निर्माण

संस्थामा निम्न नीतिहरु तर्जुमा गरी लागु गरिने छ :

| **नीतिहरु** | **निर्माण तथा परिमार्जन गरिने वर्षहरु** |
|---|---|
| शेयर नीति | हरेक वर्ष वार्षिक पर्ल्स विश्लेषण पछि |
| वचत तथा ऋण नीति | हरेक वर्ष वार्षिक पर्ल्स विश्लेषण पछि |
| सदस्यता बृद्धि सम्बन्धी नीति | हरेक वर्ष वार्षिक पर्ल्स विश्लेषण पछि |
| कर्मचारी सेवा नीति | हरेक वर्ष वार्षिक पर्ल्स विश्लेषण पछि |
| कृषि परियोजना सञ्चालन सम्बन्धी नीति | वार्षिक कारोबार बाट प्राप्ती हुने प्रतिफलका अध्ययन पछि |

| | |
|---|---|
| सहज सहकारी उद्योग विस्तार सम्बन्धी नीति | वार्षिक कारोबार बाट प्राप्ती हुने प्रतिफलका अध्ययन पछि |
| सञ्चालक समिति या लेखा समिति बाट विदा लिने | संस्थाका समितिको परिवार सदस्य कर्मचारी भएमा |
| सञ्चालक समिति या लेखा समिति बाट विदा लिने | संस्थाको कर्जा कारोबारमा अनियमित भएमा |

**६.४ भौतिक तथा कार्यालय सामान**

| **विवरण** | **कार्यक्रम** |
|---|---|
| जग्गा खरीद प्रबन्ध लाई नियमितता | मासिक रु.२५०००।० का दरले रा. स. बैङ्क मा क्रमिक वचत गर्ने प्रक्रियालाई निरन्तरता दिने । |
| कार्यालय व्यवस्थापनलाई व्यवस्थित गर्ने | संस्थाको कारोबार बृद्धि को अनुपातमा कार्यालय कोठा व्यवस्थित गर्न सोको व्यवस्थापन का लागि आगामी ०८३/८४बाट सुरक्षित भवनमा स्थानान्तरण को प्रबन्ध गरिने । |
| तेल प्याकेजिङ्गको प्रबन्ध गर्ने | आधा लिटर, १ लिटर, २ लिटर, ५ लिटर को बोतल, जार तथा ग्यालनमा तेल प्याकेजिङ् गरि बिकी प्रबन्ध मिलाइने । |
| फर्निचर खरीद गर्ने | टेबल ३, कुर्सी ४, टेबल ग्लास, |
| इलेक्ट्रोनिक्स | सिसि टिभि क्यामेरा ४ सहितको सेट, १ कम्प्यूटर सेट |
| कार्यालय व्यस्थापनका लागि निर्णय अनुसार कार्य गर्ने | भूईं कार्पेट, काउण्टर, कार्यालय कोठा डिजाइनिङ् (आलुमिनियम बार सहितको) १-तालिम हल,१-समिति कोठा, १ काउण्टर, १ लेखापालको च्याम्बर आदि । |
| कृषि कार्यका सामान्य ज्यावलहरुको प्रबन्ध गर्ने | अनुदानको सम्भावना भएमा १ ट्रयाक्टर सहित सोको सेट अनुदानको पहल गरि खरीद गर्ने |
| नगदको सुरक्षा प्रबन्ध गर्ने | एउटा सेफ खरीद गर्ने । |
| पशु आहारा उद्योग विस्तार प्रबन्ध | पशु आहार उद्योग सम्बन्धी अध्ययन र कार्ययोजना तयारी पछि । |
| कार्यालय व्यवस्थापनलाइ चुस्त दुरुस्त गर्ने | भवन खोज्ने, भाडा या अनुदानमा सम्झौता गर्ने, कार्यालय सार्ने आदि व्यवस्थापनकन कार्य गर्ने । |

**६.५. सदस्यता एवं पूँजी वृद्धिको योजना**

| **विवरण** | **लक्ष्य** | |
|---|---|---|
| शेयर सदस्यता बृद्धि | ३१३ पुऱ्याउने | हरेक सदस्यले हरेक ६ महिनामा एक जना नयाँ सदस्य थप्न पहल गर्ने, २ जना बजार प्रतिनिधि थप गरि ऊनीहरु मार्फत सदस्य थप गर्ने । |
| शेयर पूँजी बृद्धि गर्ने | ५०,८७००० पुऱ्याउने | सदस्यलाई २००० कित्ता पुऱ्याउन प्रोत्साहन गर्ने, धेरै रकम थप गर्न नसकेपनि वर्षको १०,००० शेयर पूँजी पुऱ्याउन अभिमुखीकरण गर्ने । |
| जगेडा तथा अन्य कोष विस्तार गर्ने | २३,००,००० पुऱ्याउने | गत आ.व.का.को शेयर लाभांश, संरक्षित पूँजी फिर्ता कोष, घाटा पूर्ति कोष जगेडा कोषमा लगेर लागत सहभागिताका कोषहरुमा सहभागिता बढाएर । भ्रमण कोषमा १०,००० पुऱ्याउने अवसर दिएर । |
| वचत बृद्धि गर्ने | ३,३८,४४,६६० पुऱ्याउने | उद्योग तथा शिक्षा वचतमा सहभागिता कम्तीमा ३०,३० जनाको पुऱ्याउने । समूह वचत, निश्चित वचत, आवधिक वचतमा वचत गर्ने संख्या सहभागिता बढाउने, सदस्य संख्या बृद्धि गर्ने गरेर । |
| उद्योगमा लगानी बृद्धि गर्ने | ६०,००,००० पुऱ्याउने | उद्योग वचतको रकम, बाह्रय ऋण लिएर लगानी प्रबन्ध गर्ने । |
| कर्जा कारोबारमा सदस्य संख्या बढाउने | कुल संख्याको ५०% पुऱ्याउने | कर्जाको व्याज दर १%ले घटाउने, धितो आधारित कर्जा रकम संस्थागत पूँजी कोष को १५% हुने गरि लगानी गरेर । |
| कर्जा असुली दर ८०% भन्दा बढी बनाउने | मासिक किस्ता असुल गर्ने | हरेक सदस्यलाई कर्जा लिनु अघि कर्जाको असुली प्रक्रिया सम्बन्धी अभिमुखीकरण गरी कर्जा दिने व्यवस्था गर्ने । |

| | | |
|---|---|---|
| नगदको सुरक्षा प्रबन्ध गर्ने | | एउटा सेफ खरीद गर्ने । |

**१.६.६. कर्मचारी विवरण**

**संस्थाले देहाय बमोजिमका पदहरु सिर्जना गर्ने र प्रतिस्पर्धाबाट मात्रै नयाँ कर्मचारी नियुक्ति गर्ने प्रबन्ध मिलाउने :**

| क्र.सं. | पद | प्रकृति | संख्या |
|---|---|---|---|
| १ | कार्यकारी प्रमुख | करार | १ |
| २ | लेखा निर्देशक | दैनिक ज्यालादारीमा आधारित | १ |
| ३ | उद्योग निर्देशक | करार, कमिसनमा आधारित | १ |
| ४ | लेखापाल | अस्थायी | १ |
| ५ | कम्प्यूटर अपरेटर | करार | १ |
| ६ | मिल परिचालक | करार | १ |
| ७ | कार्यालय सहायक | करार | १ |
| ८ | बजार प्रतिनिधि | करार, कमिसनमा आधारित | २ |
| ९ | सहायक फिटर | आंशिक करार | १ |
| १० | कार्यालय सहयोगी | आंशिक करार | १ |
| ११ | श्रमिक ( उद्योग तथा कृषिका लागि) | दैनिक ज्यालादारीमा आधारित | आवश्यक्ता अनुसार |

**१.६.७ प्रशासनिक खर्च**

**संस्थाले देहायका शीर्षकहरुमा खर्च खाता बनार्य खर्च अभिलेखन गर्ने छ : अनुमानित खर्च विवरण बजेटमा उल्लेख भए बमोजिम हुनेछ :**

| क्र.सं. | खर्च शीर्षकहरु | हिसाब नं | क्र.सं. | खर्च शीर्षकहरु | हिसाब नं |
|---|---|---|---|---|---|
| १ | सामान खरीद खर्च | १५०-१ | २ | उद्योग सञ्चालन खर्च | १५०-८.५ |
| १.१ | तेल्हन खरीद | १५०-१.१ | २.१ | उद्योग कर्मचारी खर्च | १५०-८.५.१ |
| १.२ | व्यापारिक सामान | १५०-१.२ | २.२ | विद्युत खर्च | १५०-८.५.२ |
| १.३ | प्रा. माल शेष | १५०-१.२ | २.३ | नवीकरण दस्तुर खर्च | १५०-८.५.३ |
| २ | कर, सेवा तथा महसुल | १५०-२ | २.४ | जग्गा भाडा खर्च | १५०-८.५.४ |
| ३ | कर्मचारी तलब खर्च | १५०-३ | २.५ | यातायात तथा भ्रमण | १५०-८.५.५ |
| ४ | घर भाडा खर्च | १५०-४ | २.६ | मसलन्द तथा छपाई | १५०-८.५.६ |
| ५ | मसलन्द, छपाइ खर्च | १५०-५ | २.७ | मर्मत खर्च | १५०-८.५.७ |
| ६ | मर्मत खर्च | १५०-६ | २.८ | सेवा महसुल खर्च | १५०-८.५.८ |
| ७ | तिरेको व्याज | १५०-७ | २.९ | विविध खर्च | १५०-८.५.९ |
| ७.१ | व्याजमा तिरेको व्याज | १५०-७.१ | ८ | विविध खर्च | १५०-८ |
| ७.२ | ऋणमा तिरेको व्याज | १५०-७.२ | ८.१ | अतिथि सत्कार खच | १५०-८.१ |
| ८.२ | वैठक भत्ता खर्च | १५०-८.२ | ८.३ | निवेदन/नवीकरण | १५०-८.३ |
| ८.४ | धितो निरीक्षण खर्च | १५०-८.४ | ८.५ | साधारण सभा खर्च | १५०-८.६ |
| ८.६ | लेखा परिक्षण शुल्क खर्च | १५०-८.७ | ८.८ | सहकारी भ्रमण खर्च | १५०-८.८ |
| ८.९ | विविध खर्च | १५०-८.९ | ८.१० | शिक्षा, तालिम खर्च | १५०-८.१० |
| ८.११ | कार्यक्रम सञ्चालन खर्च | १५०-८.११ | ८.१२ | सुचना खर्च | १५०-८.१२ |
| ८.१३ | कार्यालय व्यवस्थापन खर्च | १५०-८.१३ | ८.१३ | व्यापार छुट खर्च | १५०-८.१२ |
| ९ | कृषि व्यवसाय खर्च | १५०-९ | १० | जोखिम व्यवस्थापन खर्च | १५०-१० |
| ११ | अनुगमन अवलोकन खर्च | १५०-११ | १२ | इन्धन खर्च | १५०-१२ |
| १३ | ह्रास कट्टी खर्च | १५०-१३ | | | |

४.२) पासबुक हराएमा प्रतिलिपि शुल्क रु.१५०।-,चेक बुक हराएमा प्रतिलिपी शुल्क रु.१००।- लाग्ने छ।

४.३)पासबुक तथा चेकबुक प्रयोग गर्न बाँकी छँदै च्यातिएमा वा प्रयोग गर्न नसकिने अवस्थाको भएमा रु.१००।-तिरि पुन प्राप्त गर्न सकिनेछ।

४.४)साख सूचना वापत बैं तथा वित्तिय संस्था वा अन्य कस}लाई रु.५००।- र सहकारीलाई रु.२००।- लाग्नेछ ।

४.५)शेयर सदस्यता पाउँ भनी दिइने निवेदन दस्तुर रु.२००।- र प्रवेश शुल्क रु.५००।- लाग्नेछ ।

४.६) शेयर सदस्यता बाट फिर्ता गई सकेको कुनै नेपाली नागरिक पून: शेयर सदस्यता पाउँ भनी दिइने निवेदन दस्तुर रु.१५०।- र प्रवेश शुल्क रु.१५००।- लाग्नेछ ।[२५]

४.७) शेयर सदस्य बनेका बखत विपद व्यवस्थापन कोष वापत रु.१५०।०, पारिवारिक राहत कोष वापत रु१३५।० सामाजिक दायित्व कोष वापत रु ३६५।० संस्थामा जम्मा गर्नु पर्नेछ ।

४.८) संस्थाको विनियम बमोजिम सदस्य बन्न योग्य कुनै पनि नागरिकले पहिलो पटक नै आवश्यक रकम जम्मा गर्न असमर्थ भएमा निजलाई शुरुमा निवेदन दस्तुर रु.२००।- र प्रवेश शुल्क रु.५००।- विपद व्यवस्थापन कोष वापत रु.१५०।०, पारिवारिक राहत कोष वापत रु१३५।० सामाजिक दायित्व कोष वापत रु ३६५।०,शेयर पूँजी रु १०० र नियमित वचत रुं ३००गरी जम्मा रकम रु. १७५०।० बाट वचत कारोबार शुरु गर्न सकिनेछ ।

४.९) नियम ४.८ बमोजिम सदस्य बनेका सदस्यले सो पछि क्रमश: बढीमा १० महिना भित्र कम्तीमा शेयर पूँजी रु.१००० पुर्‍याउनु पर्नेछ ।

**५)शेयर सदस्यलाइ पूँजी थप गर्ने सम्बन्धी व्यवस्था**

५.१)शेयर सदस्य बन्न आवेदन गरेका विनियम बमोजिमका योग्य सदस्यहरुलाई सामान्यत: प्रशिक्षण कार्यक्रम सम्पन्न भए पछि शेयर पूँजी रु.१,०००।- जम्मा गर्न मञ्जुर र विनियम बमोजिमका योग्य व्यक्तिलाई शेयर सदस्यता प्रदान गरिनेछ ।

५.२)सो भन्दा माथिको रकम जम्मा गर्न इच्छुक सदस्यलाई संस्थामा एकमुष्ट या मासिक रु.१०००।-का दरमा शेयर पूँजीको निम्ति रकम जम्मा गर्ने अवसर दिइनेछ ।

[२५] आठौं साधारण सभाबाट थप

५.३)माथिका प्रकरणहरुमा जे सुकै लेखिएको भएता पनि प्रति सदस्यले २००० कित्ता भन्दा बढी शेयर कित्ता थप गर्न पाउने छैन ।[२६]

५.४)माथिका प्रकरणहरुका अतिरिक्त सदस्यले वचत रकमको आधारमा शेयर कित्ता थप गर्नु पर्नेछ।

**६) प्रशिक्षक सुविधा**[२७]

६.१) संस्थाले आफ्ना सदस्यहरुलाई शिक्षा तालिम र सूचना कार्यक्रमका लागि सदस्य प्रशिक्षकहरुबाट तालिम प्रदान गर्न सक्ने भएमा देहाय बमोजिमको सुविधा उपलब्ध गराउनेछ :

६.१.१)प्रशिक्षक ज्याला प्रति सत्र रु. १५००।०

६.१.२) : प्रशिक्षण सामग्री तयारी प्रति १ रु. २५०।० प्रति पृष्ठ बढीमा २ पृष्ठ प्रति सत्र ।

६.१.३) : प्रशिक्षकलाई यातायात सुविधा कार्यालय क्षेत्र बाहिर भएमा मात्र माथि २ नं सरह ।

६.२ संस्था बाहिरबाट विषय विज्ञको रुपमा कोही प्रशिक्षक उपयोग गर्नु परेमा सदस्य प्रशिक्षकलाई प्रदान गरिने प्रति सत्र सुविधाको १५०% ले हुन आउने रकम तथा अन्य सुविधामध्ये यातायात सुविधा दुरी अनुरुप प्रति कि.मि रु.५० का दरले उपलब्ध गराइनेछ ।[२८]

**७) कृषि परियोजनामा श्रमिक सुविधा सम्बन्धी व्यवस्था**[२९]

७.१) कृषि व्यवसायको मासिक आय तथा व्ययको हिसाब अभिलेखन गरे वापत मासिक रु. ५०० प्रदान गरिने छ ।

७.२)कृषि कार्यमा सहभागी हुन जाने सदस्य तथा पदाधिकारीलाई गाडी भाडा उपलब्ध हुनेछ ।

७.३) सामुहिक रुपमा शारीरिक श्रमदानमा सहभागी हुने सदस्यलाई काम गरेको आधारमा प्रति घण्टा रु.१००ले ज्याला प्रदान गरिनेछ ।

७.४)कृषि कार्यको अनुगमन प्रयोजनमा सहभागी पदाधिकारी तथा सदस्यलाई समेत यो ज्याला उपलब्ध हुनेछ।

८) लेखा निर्देशक तथा उद्योग निर्देशकको सुविधा सम्बन्धी व्यवस्था[३०]

८.१)पारिश्रमिक अनुसूचीमा तोके बमोजिम हुने ।

८.२) अनुसूची ७ को नियम ३ बमोजिमको यातायात तथा भ्रमण सुविधा प्राप्त हुने छ।

[२६] दशौं साधारण सभाबाट लागु भएको
[२७] आठौं साधारण सभाबाट थप भएको
[२८] आठौं साधारण सभाबाट थप भएको
[२९] बाह्रौं साधारण सभाबाट व्यवस्थित
[३०] बाह्रौं साधारण सभाबाट व्यवस्थित

सहज महिला बहुद्येश्यीय सहकारी संस्था लि.
मेचीनगर-१०, झापा

**संशोधनका लागि प्रस्तावहरु**
**विनियम संशोधन प्रस्ताव सम्बन्धमा**

**विभिन्न प्रकृतिका बीमा कार्यक्रममा सदस्य तथा संस्थाको सहभागिताका लागि बीमा अभिकर्ता भई बीमा सम्बन्धी कार्य गर्ने ।**
**संस्थालाई आधुनिक प्रविधि मैत्री बनाउन बैङ्किङ् कार्यक्रमका लागि चाहिने क्यू .आर.कोड लिने, संस्थाको वेभ साइट निर्माण गरी राष्ट्रिय तथा अन्तरराष्ट्रिय सम्बन्ध विस्तारमा सहभागी बन्ने ।**
**सदस्यहरुलाई वातावरणीय सरसफाइ प्रदुषण नियन्त्रण, उद्यमशीलता विकास आदिका लागि तालिम कार्यक्रम सञ्चालन गर्ने ।**
**सदस्यहरुलाई कृषिमा आधारित तथा जैविक विधिमा आधारित उत्पादन र बजारीकरणका लागि अभिप्रेरित गर्दै सामेल गर्ने ।**
**कुनै पनि वित्तीय तथा बैङ्कसित संस्थाको आवश्यक्ता र निर्णय आधारित कर्जा सम्बन्धी कारोबार गर्ने**

**प्रस्तावना**

सहज महिला सम्बृद्धि बहुद्येश्यीय सहकारी संस्था लि., मेचीनगर- १०, झापाको विनियम २०७० लाई सोही विनियमको दफा ७२ बमोजिमको अधिकार प्रयोग गरी मिति २०८२/०५/१२ गते को सञ्चालक समितिको वैठकको सिफारिस बमोजिम मिति २०८२/०५/२८ गते सम्पन्न भएको बाह्रौं साधारण सभामा उपस्थित कुल सदस्य २२१ जना मध्ये १८५. जना उपस्थित भई सर्वसम्मतिबाट निर्णय गरी संशोधन गर्न बनेको यो विनियम-२०७०को **चौथो** संशोधन पारित गरिएको छ ।

यो विनियम रजिष्ट्रार/अधिकार प्राप्त अधिकारी बाट स्वीकृत भए पछि लागु हुनेछ । संस्थाको चालु कार्यक्रमहरुमा समय अनुकुल बनाउन संस्थाको विनियममा भएको व्यवस्थालाई देहायका बुँदाहरुबाट थप व्यवस्थित गर्न संशोधन प्रस्ताव पेश गरिएकोमा यो साधारण सभाबाट स्वीकृत गरिएको छ :

| क्र.सं | साविक विनियममा भएको व्यवस्था | संशोधनमा राखिएको व्यवस्था | संशोधन गरिनु पर्ने कारण |
|---|---|---|---|
| १ | परिच्छेद २<br>उद्देश्य तथा कार्यहरु<br>दफा ७ उद्देश्यमा<br>(क) संस्थामा संलग्न सदस्यहरु र, जनसमूदाय बीच स्वावलम्बन, पारस्परिक सहयोग एवम् मितव्ययिताको अभिबृद्धि गर्ने बानी प्रबर्द्धन गर्ने ।<br>(ख) आत्मनिर्भरता तथा आत्मविश्वास सम्बन्धी धारणाबाट सदस्यलाई उत्प्रेरित गर्ने ।<br>(ग) सदस्यहरुलाई आय आर्जन क्षमतामा बृद्धि गर्नका लागि आवश्यक मद्दत र जानकारी उपलब्ध गराउने ।<br>(घ)सदस्यहरुको आर्थिक अवस्थाको सुधार गर्न सक्ने किसिमका अन्य क्रियाकलाप सञ्चालन गर्ने<br>(ङ) साधारण जनताको आर्थिक अवस्थाको विकास र प्रबर्द्धनमा समर्पित राष्ट्रिय र अन्तरराष्ट्रिय सङ्गठनहरुको दाँजोमा पुग्ने उद्देश्य लिई गठित केन्द्रीय संस्थाका सदस्यता ग्रहण गर्ने ।<br>(च)दातृ संस्थाहरुबाट कुनै शर्त नराखी प्राप्त हुने अनुदान स्वीकार गर्ने । | विनियमका साविक उद्देश्यहरुमा (घ) अन्तरगत निम्न उद्देश्यहरु थप गर्ने :<br>(घ.१)**सदस्यहरुलाई वातावरणीय सरसफाइ प्रदुषण नियन्त्रण, उद्यमशीलता विकास आदिका लागि तालिम कार्यक्रम सञ्चालन गर्ने ।**<br>(घ.२) **सदस्यहरुलाई कृषिमा आधारित तथा जैविक विधिमा आधारित उत्पादन र बजारीकरणका लागि अभिप्रेरित गर्दै सो कार्यमा सामेल गर्ने ।** | संस्थाको नियमित काम लाई आधुनिक, प्रविधिमैत्री बनाउन, सदस्यलाई कृषि उत्पादनमा संलग्न गराउँदै आय आर्जन र आत्म निर्भरता तर्फ उन्मुख गराउन, स्वास्थ्य एवम् पर्यावरण सुरक्षाका |

| | | | |
|---|---|---|---|
| | (छ)आफ्नो उद्देश्य पुरा गर्नका लागि समान उद्देश्य भएका स्थानीय,क्षेत्रीय, राष्ट्रिय र अन्तरराष्ट्रिय सङ्गठनहरु सँग सहयोगात्मक भावना राख्ने ।<br>(ज)सदस्यहरुको समूह र विकासका अधिकतम हितलाई ध्यानमा राखी सहकारी ऐन, नियमहरु, र यस विनियममा व्यवस्था भए बमोजिम दैनिक कार्य सञ्चालनको लागि चल अचल सम्पत्ति आर्जन गर्ने, क्रय विक्रय गर्ने, विनिमय गर्ने, धरौटी राख्ने बन्धक राख्ने आदि कार्य गर्ने ।<br>सदस्यहरुको<br>(झ) संस्थाका विकासका लागि आय आर्जन परियोजना सञ्चालन गर्ने, कृषिमा आधारित उत्पादनको प्रशोधन सेवा समुदायको स्वास्थ्य, सेवा सुरक्षा सम्बन्धी सफाइ केन्द्र सेवा आदिका कार्यहरु गर्ने ।<br>(ञ) समाजका कमजोर वर्ग र निम्न आय भएका व्यक्ति वा समूहका अर्थिक सामाजिक उत्थानमा सहयोग पुऱ्याउने ।<br>(ट) प्रचलित कानुन बमाेजिम संस्थाले उपभोग गर्न पाइने छुट तथा सहुलियत सुविधाहरुको उपभोग गर्ने ।<br>(ठ)सदस्यहरुका मागका आधारमा उपभोग्य सामग्रीको कारोबार, वस्ती स्तरमा सहकारी विद्यालय,स्वास्थ्य संस्था आदिको सञ्चालन गर्ने ।<br>(ड) जडिबुटि उत्पादन, प्रशोधन तथा बजारीकरणका निम्ति सरोकारवाला सरकारी, गैह्र सरकारी, दातृ निकायसित आवश्यक छलफल र सहकार्यका तालिम, कार्यशाला, नर्सरी आदि सञ्चालनार्थ कार्य गर्ने ।<br>(ढ) उत्पादन, प्रशोधन तथा बजारीकरणका कार्यहरुमा संस्था एक्लै वा विषय र शर्त मिल्दा व्यक्ति, समूह तथा संस्था वा कम्पनीहरुसित समेतको सहकार्यमा साझेदारी गरी सदस्यको हितमा कार्य गर्ने । | विनियमका साविक उद्देश्यहरुमा (छ) अन्तरगत निम्न उद्देश्यहरु थप गर्ने<br>(छ.१)**संस्थालाई आधुनिक प्रविधि मैत्री बनाउन, बैङ्किङ् कार्यक्रमका लागि चाहिने क्यू .आर.कोड लिने, संस्थाको वेभ साइट निर्माण गरी राष्ट्रिय तथा अन्तरराष्ट्रिय सम्बन्ध विस्तारमा सहभागी बन्ने ।**<br>विनियमका साविक उद्देश्यहरुमा (ज) अन्तरगत निम्न उद्देश्यहरु थप गर्ने :<br>(ज.१) **विभिन्न प्रकृतिका बीमा कार्यक्रममा सदस्य तथा संस्थाको सहभागिताका लागि बीमा अभिकर्ता भई बीमा सम्बन्धी कार्य गर्ने ।**<br>(ज.२) **कुनै पनि वित्तीय तथा बैङ्कसित संस्थाको आवश्यक्ता र निर्णय आधारित कर्जा सम्बन्धी कारोबार गर्ने** | आवश्यक्ता सम्बोधन गर्न तथा सदस्यहरु लाई र उद्योगलाई समय अनुकुल प्रविधि तथा कानुन अनुरुप व्यवस्थित गर्न र सेवा विस्तार गर्न । |

**निर्देशिका संशोधन प्रस्तावहरु**

**१ . सहज सञ्चालन निर्देशिकाको परिच्छेदहरुको व्यवस्थापन देहाय बमोजिम गरिने छ :**

**१.१) परिच्छेद-४(क)मा  कृषि परियाजना सञ्चालन निर्देशिकाले निर्दिष्ट गरे बमोजिम हुनेछ ।**

**१.२)परिच्छेद-५ मा आम्दानी, खर्च र खरीद सम्बन्धी व्यवस्था उल्लेख गरिनेछ ।**

**१.२.१) संस्थाको आम्दानी तथा खर्च खरीद सम्बन्धी व्यवस्था सहज आर्थिक तथा प्रशासनिक निर्देशिका ले निर्दिष्ट गरे बमोजिम हुने छ ।**

**१.३ ) परिच्छेद-६ मा कर्मचारी प्रशासन सम्बन्धी व्यवस्था उल्लेख गरिनेछ ।**

**१.३.१) संस्थाको कर्मचारी प्रशासन सम्बन्धी व्यवस्था सहज कर्मचारी प्रशासनिक निर्देशिका ले निर्दिष्ट गरे बमोजिम हुने छ ।**

**१.४) परिच्छेद-७ मा कोष परिचालन सम्बन्धी व्यवस्था उल्लेख गरिनेछ ।**

**१.४.१) संस्थाको कोष परिचालन सम्बन्धी व्यवस्था सहज कोष परिचालन निर्देशिका ले निर्दिष्ट गरे बमोजिम हुने छ ।**

**१.५) परिच्छेद-७ (क) सहज सहकारी विद्यालय सञ्चालन सम्बन्धी व्यवस्था उल्लेख गरिनेछ ।**

**१.५.१) संस्थाको सहज सहकारी विद्यालय सञ्चालन सम्बन्धी व्यवस्था सहज सहकारी विद्यालय सञ्चालन निर्देशिकाले निर्दिष्ट गरे बमोजिम हुने छ ।**

**१.६) परिच्छेद-७ (ख) मा सहज सहकारी उद्योग सञ्चालन सम्बन्धी व्यवस्था उल्लेख गरिनेछ ।**

**१.६.१) संस्थाको सहज सहकारी उद्योग सञ्चालन सम्बन्धी व्यवस्था सहज सहकारी उद्योग सञ्चालन निर्देशिकाले निर्दिष्ट गरे बमोजिम हुने छ ।**

**१.७) परिच्छेद-७ (ग) मा सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्) निवारण सम्बन्धी व्यवस्था उल्लेख गरिनेछ ।**

**१.७.१) संस्थाको सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्) निवारण सम्बन्धी व्यवस्था सहज सम्पत्ति शुद्धीकरण ( मनि लाउण्डरिङ्) निवारण सम्बन्धी निर्देशिका ले निर्दिष्ट गरे बमोजिम हुने छ ।**

**१.८) परिच्छेद-७(घ) मा जिन्सी व्यवस्थापन सम्बन्धी व्यवस्था उल्लेख गरिनेछ ।**

**१.८.१) संस्थाको जिन्सी व्यवस्थापन सम्बन्धी व्यवस्था जिन्सी व्यवस्थापन निर्देशिकाले निर्दिष्ट गरे बमोजिम हुने छ ।**

**१.९) परिच्छेद-८ मा सेवा, शर्त तथा सुविधा सम्बन्धी व्यवस्था उल्लेख गरिनेछ ।**

**१.९.१) संस्थाको कर्मचारी प्रशासन सम्बन्धी व्यवस्था अनुसूची ७ ले निर्दिष्ट गरे बमोजिम हुने छ ।**

**१.१०) सदस्य राहत कोषमा परिमार्जन सम्बन्धी व्यवस्था :**

सहज सञ्चालन निर्देशिकाको परिच्छेद ९को निम्न प्रकरणहरुमा सदस्यहरुको लागत सहभागितामा आधारित निम्नानुसारका कोषहरुलाई **सदस्य राहत कोष अन्तर्गत थप** गरी संस्थाले कोष परिचालन निर्देशिकामा आधारित भई परिचालन गर्नेछ :

४०.२.४.९.७) सामाजिक सुरक्षा कोष : कर्मचारीको तलब स्केलको आधारमा कर्मचारीलाई संस्थाले २०% र कर्मचारीबाट ११% हुने गरी ।

४०.२.४.९.८) दूर्घटना कोष : उद्योगमा कार्यरत कर्मचारीका लागि तोकिएको तलब स्केलको १०% सम्म ।

४०.२.४.९.९) संस्था हित कोष : संस्थामा कोरोना जस्ता ठुलो महामारीका कठिन परिसिथिति आइ लाग्दा मात्र सदस्यहरुलाई उचित सहयोग गर्न वार्षिक रु. १०० को सदस्यको लागत सहभागिता रहने गरि।

**१.११) लगानी हिसाब (हि.नं.१००):**

सहज सञ्चालन निर्देशिकाको परिच्छेद ९को निम्न प्रकरणहरुमा लगानी हिसाब **अन्तर्गत थप** गरी क्रमिक वचत खाताको हिसाब अभिलेखन गर्नेछ :

४७.२) रा. सहकारी बैङ्कमा खोलिने क्रमिक बचत खाता

**१.१२) साविक प्रकरणहरुमा परिमार्जन**

सहज सञ्चालन निर्देशिकामा उल्लिखित नयाँ निर्देशिकाहरुका व्यवस्था ले प्रकरणहरुको संख्या बढे बमोजिम प्रकरणहरुको संख्या आव्श्यक्ता अनुसार क्रमबद्ध गरिनेछ ।

**२ . सहज आर्थिक तथ प्रशासनिक निर्देशिकाको अध्याय तथा प्रकरणहरुको व्यवस्थापन देहाय बमोजिम गरिने छ :**

**२.१) अध्याय-३ को प्रकरण १२ मा कर्मचारी प्रशासन सम्बन्धी व्यवस्था उल्लेख गरिनेछ :**

**१२) यस अध्यायको सम्पूर्ण व्यवस्था कर्मचारी प्रशासन निर्देशिकामा व्यवस्था गरे बमोजिम हुनेछ**

**२.२) अध्याय-४ मा चारखाता सम्बन्धी व्यवस्था उल्लेख गरिनेछ : यसमा देहाय बमोजिमका प्रकरणमा देहायका विषयहरु उल्लेख गरिनेछ :**

**२.३) प्रकरण १३ मा सम्पति दायित्व शीर्षकमा हिसाब संकेतहरु रहनेछन् ।**

**२.३.१) प्रकरण १३.२ मा व्यवस्था भएको सदस्य राहत कोष सम्बन्धी व्यवस्थामा देहायका शीर्षकमा कोषहरुको व्यवस्था गरिनेछ :**

**१३**.२.४.९.७) सामाजिक सुरक्षा कोष : कर्मचारीको तलब स्केलको आधारमा कर्मचारीलाई संस्थाले २०% र कर्मचारीबाट ११% हुने गरी ।

**१३**.२.४.९.८) दूर्घटना कोष : उद्योगमा कार्यरत कर्मचारीका लागि तोकिएको तलब स्केलको१०% सम्म ।

**१३**.२.४.९.९) संस्था हित कोष :संस्थाले कुनै पनि किसिमका कोरोना वा यस्तै महामारी आइ लागेका बखत संस्थामा पर्न आउने सङ्कटबाट जोगिन वार्षिक रु. १०० का दरले प्रति सदस्य सङ्कलन हुने गरी ।

**२.४) प्रकरण १४ मा बाह्रय ऋण शीर्षकमा हिसाबतहरु व्यवस्थित गरिनेछन् ।**
**२.५) प्रकरण १५ मा प्रशासनिक अनुदान हिसाब व्यवस्थित गरिनेछन् ।**
**२.६) प्रकरण १६ मा भुक्तानी दिनु पर्ने हिसाव व्यवस्थित गरिनेछन् ।**
**२.७) प्रकरण १७ मा तिर्नुपर्ने दायित्व हिसाव व्यवस्थित गरिनेछन् ।**
**२.८) प्रकरण १८ मा नगद हिसाव व्यवस्थित गरिनेछन् ।**
२.९) **प्रकरण १९ मा  वैंक हिसाव व्यवस्थित गरिनेछन् ।**
२.१०) **प्रकरण २० मा लगानी हिसाव व्यवस्थित गरिनेछन् ।**
२.११) **प्रकरण २१ मा ऋण हिसाव व्यवस्थित गरिनेछन् ।**
२.१२) **प्रकरण २२ मा पाउनु पर्ने हिसाव व्यवस्थित गरिनेछन् ।**
**२.१३) प्रकरण २३ मा सम्पत्ति सामान हिसाव व्यवस्थित गरिनेछन् ।**
**२.१४) प्रकरण २४ मा अन्य सम्पत्ति हिसाव व्यवस्थित गरिनेछन् ।**
**२.१५) प्रकरण २५ मा कार्यालय समय सम्बन्धी हिसाब व्यवस्थित गरिनेछन् ।**
**२.१६) प्रकरण २६ मा घटिबढी हिसाव सम्बन्धी व्यवस्था व्यवस्थित गरिनेछन् ।**
**२.१७) प्रकरण २७ मा ढिकुटी नगद सीमा सम्बन्धी व्यवस्था व्यवस्थित गरिनेछन् ।**
**२.१८) प्रकरण २८ मा व्याख्या गर्ने अधिकार सम्बन्धी व्यवस्था व्यवस्थित गरिनेछन् ।**
**२.१९) प्रकरण २९ मा बदर हुने सम्बन्धी व्यवस्था व्यवस्थित गरिनेछन् ।**
**२.२०) प्रकरण ३० मा संशोधन सम्बन्धी व्यवस्था व्यवस्थित गरिनेछन् ।**
**२.२१) प्रकरण ३१ मा खारेजी र बचाउ सम्बन्धी व्यवस्था व्यवस्थित गरिनेछन् ।**
**२.२२) प्रकरण ३२ मा वाधा अडकाऊ र फुकाऊ सम्बन्धी व्यवस्था व्यवस्थित गरिनेछन् ।**

**३. वचत तथा ऋण निर्देशिकाको संशोधन सम्बन्धी प्रस्तावहरु**

**३.१) अध्याय - २ को प्रकरण ३मा रहेको वचत प्राप्ती सम्बन्धी व्यवस्था अन्तर्गत देहाय बमोजिम प्रकरण थप गर्ने :**

३.५ स्वघोषणा पत्र (अनुसूची ३ ग)

**अनुसूची ३(ग) निम्न बमोजिम हुनेछ : (नियम ३** सित सम्बन्धित), **स्वघोषणा पत्र**

**मिति :** / /

यस सहज महिला सम्बृद्धि बहुद्येश्यीय सहकारी संस्था लि.,मेचीनगर-१०, झापाको शेयर सदस्यता नं..........भएको म नेपाल सरकारको प्रचलित सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ एवम् यस सहकारीको सहज वचत तथा ऋण  निर्देशिका २०७०(दोश्रो संशोधन २०८०) सहित संस्थाले यसपछि गर्ने निर्देशन  नीति, नियम, कार्यक्रम, निर्णयहरु पालना गर्न मञ्जुर छु भनी स्वघोषणा पत्रमा सहीछाप गरि दिएको छु ।

**तपसील**

म संस्थाको निरन्तर विकासमा सधैं. सहयोग गर्नेछु ।
म संस्थाको आयोजनामा हुने सबै कार्यक्रममा नियमित रुपमा उपस्थित भई संस्था प्रति सकारात्मक धारणा, विचार र निणयका लागि इमान्दार, वफादार र जवाफदेही हुनेछु ।
संस्थाको विनियम,निर्देशिका, कार्यविधिहरुको अक्षरश: पालना गर्नेछु ।
संस्थाको शेयर सदस्य रहुञ्जेल सम्म संस्थाको सहज वचत तथा कर्जा निर्देशिका बमोजिम तोकिएका नियमित वचत कार्यक्रममा सहभागी हुनेछु ।
संस्थाले सञ्चालन गरेका सदस्य सहभागी हुन आह्वान गरेको हरेक कार्यक्रममा अनिवार्य रुपमा सहभागी हुनेछु ।
संस्थामा सदस्य रहँदा सम्म शेयर पूँजीको रुपमा जम्मा गरेको रकम फिर्ता माग्ने छैन ।
समितिले बजारको उतार चढावको आधारमा गर्ने वचतको व्याजदर दरको परिवर्तन भएमा कहीं कतै गुनासा, उजूरी, विरोध गर्ने छैन ।
संस्थाका अन्य सदस्यहरुसित सहकार्य गर्न, संस्थाका विभिन्न श्रममुलक कामहरुमा सहयोगी बन्न तथा संस्थाको व्यवसायिक उन्नयनमा सक्रिय सहभागी रहनेछु ।

सहज महिला बहुद्येश्यीय सहकारी संस्था लि.
मेचीनगर-१०, झापा

सदस्यहरुका दू:ख सु:खमा संस्थाले निर्णय गरि जुटाउने सबै कोषका कार्यक्रमहरुमा सहभागीता जनाउनेछु । संस्थाले वार्षिक रुपमा गर्ने तीज कर्यक्रम, सहकारी भ्रमण कार्यक्रम, सहकारी दिवस मनाउने कार्यक्रम जस्ता कार्यक्रमहरुमा सहभागी हुनेछु ।

सहकारीका राष्ट्रिय तथा अन्तरराष्ट्रिय नियम कानुनहरुका जानकारी राख्न संस्थाले आयोजना गर्ने सदस्य शिक्षा, सूचना तथा सञ्चारका कार्यक्रमहरुमा नियमित सहभागी हुनेछु ।

अन्य वित्तीय संस्था वा बैङ्कहरुमा कहीं कतै यस्ता कारोबार गरिएको भए पनि कालो सूचीमा पर्ने गरि कुनै काम गरेको छैन । अब उप्रान्त समेत यस्तो कार्य गर्ने छैन ।

मैले यो संस्था बाहेक अरु कुनै सहकारी, वित्तीय संस्थाहरु एवम् बैङ्कहरुसित कुनै किसिमको कर्जा कारोबार गरेको छ/छैन । गरेको भए निम्न बमोजिम उल्लेख गरेको व्यहोरा अनुरोध छ

| बैङ्क वा वित्तीय संस्थाको नाम | ठेगाना | ऋण लिएको मिति | ऋणको प्रकार | लिएको ऋण रकम र अवधि | तिर्न बाँकी ऋण रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

माथि उल्लेखित विवरण ठिक साँचो हो ।मैलै कुनै तथ्य लुकाएको छैन । यदि उल्लेखित विवरणहरु झुटा ठहरिएमा प्रचलित कानुन बमोजिम हुने जुन सुकै कार्यबाहस सहुँला बुझाउँला भनी म स्वयम् संस्थामा उपस्थित भई राम्रो सँग यो स्वघोषणा पढी, बुझी संस्थाको प्रतिनिधिहरुरु सित परामर्श गरी आफ्नो स्वयम् को उपस्थितिमा माथि उल्लेखित सम्पूर्ण बुँदाहरु अक्षरश: पालना गर्नेछु भनी एक प्रति म आफैंले बुझि लिई राजीखुशीले यो स्वघोषणा पत्रमा सही छाप गरी सहज महिला सम्बृद्धि बहूद्येश्यीय सहकारी संस्था लि, मे.न.पा.१०,झापामा बुझाएँ ।

**निवेदक**

दस्तखत :......................

सदस्यको नाम थर :.................................................

सदस्यको बुवाको नाम थर :.................................................

सदस्यको आमाको नाम थर :.................................................

सदस्यको बाजे/ससुरा को नाम थर :.........................................

सदस्यको पति/पत्निको नाम थर :..........................................

सदस्यको स्थायी ठेगाना :.................................................

सदस्यको हालको ठेगाना :...............................................

सदस्यको नागरिक्ता प्रमाण पत्र नं :..............................जारी मिति................. जिल्ला

सदस्यको राष्ट्रिय परिचय पत्र नं :.................................................

सम्पर्क नं :.............................................

इमेल ठेगाना : .......................................

| **वायाँ** | **दाँया** |
|---|---|
| | |

**सहीछाप**

३.२) वचत तथा ऋण निर्देशिकाको प्रकरण ४.३.८ बमोजिम **७ वर्षमा दोब्बर हुने वचत अर्थात दोब्बर हुने निश्चित वचत कार्यक्रम खारेज गर्ने ।**

**३.३) वचत तथा ऋण निर्देशिकाको प्रकरण ७.२.८)मा देहायको व्यवस्था लागु गरिनेछ :**
**सदस्यले स्थायी वचत गरि रहेकै अवस्थामा देहान्त भएमा संस्थाले यो रकम सके सम्म देहान्त भएकै दिन परिवारका सदस्य सम्म पु¥याइ दिनेछ ।**

**३.४) वचत तथा ऋण निर्देशिकाको प्रकरण १७.११)मा देहायको व्यवस्था लागु गरिनेछ :**

**१७.११)** एकै पटकमा रु १० लाख भन्दा बढी रकम वचत जम्मा गर्न आउने सदस्यले सो रकमको श्रोत समेत खोली संस्थाले व्यवस्था गरेको भौचर तथा सदस्य पहिचान पत्र, वचतको रकम स्व आर्जनको हो भनी स्वघोषणा गरिएको फाराम भरि भराई संस्थामा पेश गर्नु पर्नेछ ।

३.४.१) **प्रकरण १९)को कर्जा लगानी प्रक्रियामा देहायको व्यवस्थाहरु थप गरी लागु गरिनेछ :**

**१९.१) धितोमा आधारित कर्जा**

१९.१.१.१) पारिवारिक विवरण फारम (अनुसूची -४क)

१९.१.१.२) कर्जा लिन चाहने सदस्यको स्वघोषणा पत्र (अनुसुची ४ण)

१९.१.१.८) परियोजनामा आधारित कर्जा भए परियोजना पत्र (अनुसूची ४ख तथा प्रकरण १९.१०को व्यवस्था बमोजिम)

१९.१.१.९) दर्तावाल संस्था भए अनुमति पत्र, लाइसेन्स तथा दर्ता प्रमाण पत्र

१९.१.१.१०) एका घर परिवारको मञ्जुरीनामामा आधारित धितो राख्नु पर्ने भएमा सम्बन्धित जग्गा धनी सदस्यले दिएको सक्कल मञ्जुरीनामा पत्र ।

१९.१.१.११) कार्यालयले माग गरेका अन्य थप आवश्यकीय कागजातहरु ।

१९.१.२) संस्थामा आवेदन आए पछि तोकिए अनुसारको शुल्क लिई कर्जा माग फारम रुजु गरि व्यवस्थापक/कर्मचारीबाट कर्जा तथा वचत कारोबारको स्थिति विवरण पत्र तयार गरि (अनुसूची-४ग) कार्यकारी पमुख समक्ष पेश गरिने छ ।

१९.१.२.१) **स्थिति विवरण पत्रका लागि मूल्याङ्कनका आधारहरु**

वचत कार्यक्रमका लागि सक्रियताको अवस्था : धेरै सकारात्मक, सकारात्मक, ठीकै, नकारात्मक, धेरै नकारात्मक

हरेक वचत कार्यक्रममा सहभागी हुने तत्परता या ५ वटा भन्दा बढी वचत कार्यक्रममा सहभागी भए धेरै सकारात्मक

वचत कार्यक्रममा सहभागी हुने तत्परता या ५ वटा वचत कार्यक्रममा सहभागी भए : सकारात्मक

वचत कार्यक्रममा सहभागी हुने तत्परता या ४ वटा वचत कार्यक्रममा सहभागी भए : ठीकै

वचत कार्यक्रममा सहभागी हुने तत्परता या ३ वटा वचत कार्यक्रममा सहभागी भए : नकारात्मक

वचत कार्यक्रममा सहभागी हुने कम तत्परता या ३ वटा भन्दा कम वचत कार्यक्रममा सहभागी भए : धेरै नकारात्मक

कार्यालयले सिफारिस गर्दा माथि देखिको प्राथमिकता राखी सिफारिस गर्नेछ ।

१९.१.२.२) कार्यकारी प्रमूखबाट तोक आदेशपछि कर्जा माग फारम दर्ता गरि धितो मूल्याङ्कन उप समिति लाई फायल उपलब्ध गराइने छ ।

१९.१.३)धितो मूल्याङ्कन उप समितिले स्थलगत अध्ययन तथा मूल्याङ्कन गरि धितो मुल्याङकन फारम (अनुसूची -४घ) भर्ने र कार्यालयमा बुझाउने ।

१९.१.४)कार्यालयमा पेश भएको कागजात सहितको फायल कार्यलयले कर्जा उप समितिको वैठकमा पेश गर्ने

१९.१.४.१)कर्जा उप समितिले आफ्नो रोहबरमा कर्जा माग गर्ने सदस्य र अभिभावक सहित कर्जाको नियमितताको विषयमा अभिमुखीकरण गरे पछि मात्र कर्जा स्वीकृति गर्न सक्नेछन् ।

१९.१.५)एकाघर परिवार सदस्य बाहेकको धितो जमानतको मञ्जुरीनामामा आधारित भई लगानी गरिने छैन ।

१९.१.६)गैह्र सदस्यको धितो जमानत स्वीकार गरिने छैन ।

१९.१.७)रु.दशहजार भन्दा कम शेयर पूँजी हुने सदस्यलाई सदस्य उपचार, आकस्मिक कर्जा, तरलता कर्जा, बिमा सुविधा दिइने छैन ।

**१९.२) सामुहिक जमानतमा आधारित कर्जाहरु**

बिना धितो समूहका सदस्यहरुको जमानतमा आधारित कर्जा माग प्रक्रिया देहाय बमोजिम रहनेछ :

१९.२.१)वचत समुहका सदस्यहरुको रोहबर र सनाखतमा मात्र दिइने कर्जा सुविधा बिना धितोकर्जा (लघु वित्त ढाँचामा) हुनेछ ।

१९.२.२) सदस्यले जुन प्रयोजनका लागि कर्जा चाहिएको हो सोही शीर्षककालागि संस्थाद्वारा तयार आवेदन फाराम र आवेदन दस्तुर, कर्जा जोखिम कोष एवम् कर्जा सुरक्षण कोष बुझाएको नगदी रसिद सहित देहायका कागजातहरु संस्थामा पेश गर्नु पर्ने छ :

१९.२.२.१) पारिवारिक विवरण फारम (अनुसूची -४क)

१९.२.२.२)कर्जा लिन चाहने सदस्यको स्वघोषणा पत्र (अनुसुची ४ण)

१९.२.२.३) संस्थाको सदस्य बनेको कम्तीमा ६ महिना पुगेको । व्यावसायिक कर्जा लिने सदस्यले कर्जा रकमका लागि दैनिक वचत गर्न शुरु गरेको ६ महिना पुरा भएको हुनु पर्ने। व्यावसायिक तथा व्यापारिक कर्जाका लागि आवेदन फारम साथ व्यावसायिक प्रमाण पत्र र स्थायी लेखा नं को प्रतिलिपि पेश गर्नु पर्नेछ ।

१९.२.२.४)रु.१ लाख सममको कर्जा लिन चाहेको रकमको निम्ति कम्तीमा २०% शेयर पूँजी खरीद भएको हुनु पर्नेछ । तर एक लाख भन्दा माथिको कर्जाको हकमा कर्जा रकमको १०% शेयर पूँजी खरीद गरेको हुनु पर्नेछ ।

१९.२.२.५) अनिवार्य, स्थायी र सन्तति वचत सहित कम्तीमा ५ किसिमका वचत कार्यक्रममा नियमित रुपमा सहभागी भएको हुनु पर्नेछ ।

१९.२.२.६) कर्जा लिन चाहने सदस्यको नागरिक्ताको प्रमाण पत्रको प्रतिलिपि १ प्रति ।

१९.२.२.७) कर्जा लिन चाहने सदस्यको संस्था मार्फत गरिएको जीवन बीमाको प्रिमियम तिरेको प्रमाण।

१९.२.२.८)कर्जा लिन चाहने सदस्यको अभिभावकको स्वीकृति भएको लिखित सहमति र नागरिक्ता प्रमाण पत्रको प्रतिलिपि ।

१९.२.२.९) सम्बन्धित समूहका संयोजकको सिफारिस पत्र पेश गर्नु पर्नेछ

१९.२.२.१०)संयोजकले निज निवेदकको गाऊँ समाजसितको आर्थिक व्यवहारको आधारमा आफ्ना समूहका सदस्यलाई सहजीकरण र सो आवेदनमा आवश्यक सिफारिस संस्थालाई गर्नु पर्नेछ ।

१९.२.२.११)सम्बन्धित सदस्यको वचत समूहका संयोजकको सिफारिस र समूहका सदस्यहरु कम्तीमा ४ जना सहित को कर्जा दिन मिल्ने लिखित सहीछापको अनुमतिमा ऋण माग फाराम अनुसूची-४ङ देखि ऋण शीर्षक अनुरुप ४ज, ४झ, ४ञ, ४ट, ४ठ, मध्ये कुनै एक आवेदन रहनेछ ।

१९.२.३)संस्थामा आवेदन आए पछि तोकिए अनुसारको शुल्क लिई कर्जा माग फारम अध्ययन रुजु गरि व्यवस्थापक/कर्मचारीबाट कर्जा तथा वचत कारोबारको (अनुसूची-४ग) स्थिति विवरण पत्र तयार गरि कार्यकारी पमुख समक्ष पेश गरिने छ ।

१९.२.४)कार्यकारी प्रमुखले स्थिति विवरण पत्रको अध्ययन गरी निज आवेदकको कारोबारको आधारमा नियमितता, पारदर्शीताको विषयमा आवश्यक परामर्श गरि सो आवेदन दर्ताका लागि तोक आदेश गर्नेछ

१९.२.५)कार्यालयमा पेश भएको कागजात सहितको फायल कार्यालयले धितो मूल्याङ्कन उप समितिको वैठकमा पेश गर्नेछ ।

१९.२.६)धितो मूल्याङ्कन उप समितिले निज सदस्यको स्थिति विवरण पत्र हेरी सो को आधारमा कर्जा सम्बन्धी राय सहित कर्जा उप समितिमा पेश गर्नेछ ।

१९.२.७)कर्जा उप समितिले देहायका प्रक्रिया पुरा गरी कर्जा स्वीकृति गर्ने या नगर्ने या माग भएको रकम घटाउने सम्बन्धी निर्णयहरु र कर्जा लगानीको आफ्नो अधिकार भित्रको रकम स्वीकृति दिन र सो भन्दा माथिको कर्जा रकम स्वीकृतिका लागि सञ्चालक समितिमा सिफारिस गर्न सक्नेछन् :

१९.२.७.१) आफ्नो रोहबरमा कर्जा माग गर्ने सदस्य र अभिभावक सहित कर्जाको नियमितताको विषयमा अभिमुखीकरणका लागि कर्जा सम्बन्धी सम्बन्धित सदस्यलाई परामर्श गर्ने छ। यसमा ऋणी सदस्यले पालना गर्नु पर्ने पूर्व शर्तहरु (अनुसूची-४त) पढि, पढ्न लगाई सो शर्तहरु पढिलबुझी गरेको कागजातमा सहीछाप गरी एक प्रति सम्बन्धित सदस्यलाई र एक प्रति निजको फायलमा राख्नु पर्नेछ ।

१९.२.७.२)कर्जाको मागको शीर्षक अनुरुपको विश्वस्नीयताको लागि स्थलगत अध्ययन तथा मूल्याङ्कन र ५C को विश्लेषण अनुरुप विश्वसनीयताको आधार तयार।

१९.२.७.३)सम्बन्धित जमानत गर्ने समूह सदस्य र संयोजकहरु सित अन्तरक्रिया ।

१९.२.८) कर्जा उप समितिको निर्णय अनुसार कर्जा लगानी गर्न मिल्ने रकमको स्वीकृति पश्चात कार्यालयले संस्थाको तरलता अवस्था हेरी क्रमश: देहायको प्रक्रिया पुरा गरी कर्जा लगानी गर्नेछ :

१९.२.८.१)संस्थाको कार्यालयमा आएर सम्बन्धित सदस्यको वचत समूहका ५ जना सदस्यहरुको समुहिक जमानतको मञ्जुरीनामाको लिखत पत्रमा सहीछाप गरिदिएको कागज १ प्रति ।

१९.२.८.२)संस्थाको कार्यालयमा आएर सम्बन्धित सदस्यको वचत समूहका सदस्यहरुले सहीछाप गरिदिएको तमसुकको लिखत कागज १ प्रति ।

**३.४.२) वचत तथा ऋण निर्देशिकाको प्रकरण २८ को कर्जाको स्वीकृति प्रक्रिया लाई देहाय बमोजिम हुने गरी लागु गरिनेछ :**

**२८.१**) कर्जा माग गर्ने सदस्यको निवेदन कार्यालयमा दर्ता गराई तोकेको कर्मचारी/व्यवस्थापकले निम्न बमोजिमको कार्य अगाडी बढाउनु पर्नेछ :

२८.१.१)निवेदन, स्वघोषणा पत्र, पारिवारिक विवरणको जाँच र आफ्नो राय

२८.१.२)कार्यालयको अभिलेखसित तुलना

२८.१.३)निवेदकको कारोबार स्थितिको मूल्याङ्कन सहित कार्यवाहीको लागि अध्यक्ष समक्ष पेश गर्ने

२८.१.४)अध्यक्षको तोक आदेश बमोजिम धितो मूल्याङ्कन/परियोजना मूल्याङ्कनमा प्रस्तुत गर्नु पर्ने

२८..२) बचत धितोको आधारमा हुने सामुहिक जमानत, तरलता तथा समुह कर्जा, बीमा कर्जाको स्वीकृति अध्यक्षले गर्न सक्ने छन तर त्यसको अनुमोदन कर्जा उप समितिबाट गराउनु पर्नेछ ।

२८.३) अन्य प्रकारका कर्जाको स्वीकृतिको लागी कर्मचारीले आफ्नो राय सहितको विवरण पत्र तयार गरि प्रक्रिया बमोजिम विधि पुर्‍याई सम्बन्धित समितिको वैठकमा पेश गर्नुपर्नेछ ।

२८.४) अध्यक्ष/कार्यकारी प्रमुखले रु १,००,०००।- सम्मको सबै किसिमका कर्जा लगानी स्वीकृत गर्न सक्ने छन् । पुराना ऋणी सदस्यले नियमित रुपमा कर्जा चुक्ता गरि पुन: कर्जा माग गरेमा अघिल्लो साँवा ऋण रकम का लागि समेत कर्जा माग स्वीकृत गरी कर्जा उप समितिमा अध्यक्ष/कार्यकारी प्रमुखले अनुमोदनका लागि पेश गर्न सक्नेछन् ।

२८.४.१) कर्जा उपसमितिले रु. ५,००,०००।- *सम्मको ऋण स्वीकृत गर्न सक्नेछन् ।*

२८.५) समितिले रु.१०,००,०००।- सम्मको ऋण स्वीकृत गर्न सक्नेछ ।

२८.६) किस्ता किस्ता लगानी गर्नेगरि स्वीकृत गरिएको कर्जा बाहेक एउटै व्यक्तिको एउटै कर्जा अर्न्तगत पहिलो कर्जा चुक्ता नभई अर्को कर्जा लगानीको लागी स्वीकृत गरिने छैन ।

२८.७) दुइ वा सो भन्दा बढी अवधिका सामुहिक जमानतमा प्रदान भएको कर्जाको हकमा नियमित ब्याज बुझाउने ऋणी सदस्यलाई बाँकी ऋण रकमका लागि वार्षिक रुपमा नवीकरणको सुविधा दिन सकिनेछ।

२८.८) माथिका लगानीमा प्रक्रियामा जे सुकै लेखिएको भएता पनि प्रत्येक कर्जा नवीकरणमा सदस्यले कर्जाको ५%ले हुन आउने रकम कर्जा वचत खातामा जम्मा गर्नु पर्ने छ ।

२८.९) व्यापारिक कर्जाको हकमा रु.२००००० भन्दा बढी कर्जाका लागि व्यापारिक फर्मका आवश्यक कागजात पेश गर्नु पर्नेछ।

२८.१०)शेयर सदस्यता प्राप्त गरेको ६ महिना अवधि नपुगुन्जेलसम्म सम्बन्धित सदस्यलाई ऋण लगानी हुने छैन ।

२८.११) ऋण स्वीकृति भए पश्चात कर्जाको सम्झौताको दोहोरो पत्र तयार गरि सके पछि सम्बन्धित ऋणी तथा आवश्यक वचत समुहलाई तमसुक गराई भर्पाई समेत गराएर कर्जा रकम उपलब्ध गराइनेछ ।

**३.५) सहज कोष परिचालन निर्देशिकामा परिमार्जन देहाय बमोजिम गरिनेछ :**

**३.५.१) अध्याय २ मा रहेको (कोष परिचालन सम्बन्धी व्यवस्था) लाई प्रचलित कानुन अनुकुल हुने गरी देहायबमोजिम हुने गरी प्रकरण ३ बमोजिम हुने गरी देहाय अनुसार व्यवस्थित गरिनेछ :**

**३) कर्जा जोखिम कोष:**

३.१) संस्थाले संचालन बचतबाट लगानीको जोखिम प्रतिशतको निम्न आधारमा कर्जा जोखिमकोषको व्यवस्था गर्नेछ :

| क्र.सं | ऋणको वर्गीकरण | भाका नाघेको अवधि | ऋण नोक्सानीको व्यवस्था |
|---|---|---|---|
| १ | असल ऋण | भाका ननाघेको | १% |
| २ | शंर्कास्पद ऋण | किस्ता अवधिको ३ महिना सम्म भाका नाघेको | २५% |
| ३ | जोखिम ऋण | किस्ता अवधिको १२ महिना सम्म भाका नाघेको | ५०% |
| ४ | खराब ऋण | १वर्ष भन्दा बढी भाका नाघेको ऋण | १००% |

**३.५.२) अध्ययाय ३ मा व्यवस्था गरिएको सदस्य राहत कोषमा तोकिएको उद्देश्यका लागि मात्र उपयोग हुने गरी देहायका शीर्षकहरुका कोषहरु लागत सहभगिताका आधारमा थप गरी लागु गरिनेछ :**

**४.७) सामाजिक सुरक्षा कोष**

संस्थामा मासिक पारिश्रमिक पाउने गरि नियुक्त कर्मचारीहरुका लागि मासिक तलब बाट२०% संस्थाले थप गर्ने र ११% सम्बन्धित कर्मचारीको लागत सहभागिता रहने गरि एउटा कोष खडा गरिनेछ ।यसको परिचालन देहाय बमोजिम गरिनेछ :

४.७.१) यस कोषमा जम्मा भएको रकम नेपाल सरकारको सामाजिक सुरक्षा कोष सित आबद्ध गरी सम्बन्धित कर्मचारीका नाममा मासिक रुपमा जम्मा गर्ने प्रबन्ध हुनेछ ।

४.७.२) कुनै कारण नेपाल सरकार सित आबद्धता जनाउन नसकुञ्जेल सम्म संस्थाले सो कोष शीर्षकमा जम्मा हुने रकम सुरक्षित गरि राखिनेछ ।

४.७.३) लागत सहभागिता नभई संस्थाको मात्र रकम जम्मा भएको अवस्थामा संस्थाले निम्न बमोजिम परिचालन गर्नेछ :

४.७.३.१) यस कोषको परिचालन सञ्चालक समितिले गर्नेछ ।

४.७.३.२) सम्बन्धित कर्मचारी को स्थायी सेवा अवधि १० वर्ष वा सो भन्दा बढी भए पश्चात अवकास लिएमा निजको नाममा जम्मा भएको रकम निजलाई भुक्तानी गरिनेछ ।

४.७.३.३) कर्मचारी स्थायी भएको ५ आर्थिक वर्ष पुरा भए पछि निज कर्मचारीले कर्जा माग गरेमा यस कोषमा जम्मा भएको रकमको ८०% सम्म वा निजको १ वर्षमा हुने तलब जुन कम हुन्छ सो बराबर हुने गरि विशेष कर्जा उपलब्ध गराइनेछ ।

४.७.३.४) विशेष कर्जाको व्याजदर ८% लिइनेछ ।

४.७.३.५) यस कर्जाको व्याज तथा सावाँ किस्ता रकम रु. १००० सम्बन्धित कर्मचारीको मासिक तलबबाट कट्टा गरी असुल गरिनेछ ।

४.७.३.६) विशेष कर्जाको व्याज यही सामाजिक सुरक्षा कोषको आय हुने व्यवस्था गरिनेछ ।

**४.८) दूर्घटना कोष**

संस्थाको उद्योगमा मासिक पारिश्रमिक पाउने गरि नियुक्त कर्मचारीहरुका लागि मासिक तलब बाट १०% संस्थाले थप गरि एउटा कोष खडा गरिनेछ ।यसको परिचालन देहाय बमोजिम गरिनेछ:

४.८.१) यस कोषमा जम्मा भएको रकम कुनै एक बीमा सम्बन्धी कार्य गर्ने संस्था सित आबद्ध गरी सम्बन्धित कर्मचारीका नाममा बीमाको प्रिमियम भुक्तानी गर्ने प्रबन्ध हुनेछ ।

४.८.२) कुनै कारण बीमा कम्पनीमा जम्मा हुने रकम परिपक्व नहुँदै सम्बनिधत कर्मचारीको दूर्घटना उपचार आदि खर्च गर्नु परेमा यस कोषको रकम खर्च गरिनेछ ।

४.८.३) संस्थाले यस कोषको परिचालन निम्न बमोजिम गर्नेछ :

४.८.३.१) यस कोषको परिचालन सञ्चालक समितिले गर्नेछ ।

४.८.३.२) सम्बन्धित कर्मचारीको उद्योगमा कार्यरत रहेको अवस्थामा कुनै पनि किसिमको दूर्घटना भएमा निजलाई यथाशीघ्र अस्पताल पुऱ्याई आवश्यक उपचार प्रबन्धमा भुक्तानी गरिनेछ ।

४.८.३.३) निज कर्मचारीको उद्योगमा काम गरेका बखत दूर्घटना भई अङ्गभङ्ग भएमा सोको मात्रा हेरी १०% देखि ५०% सम्मको खर्च उपलब्ध गराइनेछ ।

४.८.३.४) निज कर्मचारीको उद्योगमा काम गरेका बखत दूर्घटना भई ८०% भन्दा बढी क्षेत्रको अङ्गभङ्ग भएमा सोको मात्रा हेरी ५०% देखि ८०% सम्मको खर्च उपलब्ध गराइनेछ ।

४.८.३.५) निज कर्मचारीको उद्योगमा काम गरेका बखत दूर्घटना भई पूर्ण रपमा अङ्गभङ्ग भएमा सोको १० वर्ष सम्मका लागि मासिक रु.५००० का दरले स्याहार सुसार खर्च खर्च उपलब्ध गराइनेछ ।

४.८.३.६) निज कर्मचारीको उद्योगमा काम गरेका बखत दूर्घटना भई मृत्यू भएमा शोक अनुदान वापत एकमुष्ट रकम रु.२,००,०००।० उपलब्ध गराइनेछ ।

**४.९) संस्था हित कोष**

संस्थाले सदस्यहरुको जीवनमा आई लाग्ने सम्भावित र अप्रत्यासित महामारीमा परी संस्थालाई कारोबारमा जोखिमपूर्ण अवस्था आइ परेका बखत संस्थाको निर्णयबमोजिम राहत उपलब्ध गराउने कामका लागि रु.१००का दरमा लागत सहभागितामा संस्था हित कोषको व्यवस्था हुनेछ । यो कोषको परिचालन कोष जम्मा शुरु भएको १० वर्ष पछि गरिनेछ ।यसको परिचालन देहाय बमोजिम गरिनेछ :

४.९.१) यस कोषको परिचालन सञ्चालक समितिले गर्नेछ ।

४.९.२) यस कोषमा जम्मा हुने रकम सदस्यको सङ्कटका दिनमा राहत सहयोग गर्ने कामका लागि सुरक्षित गरि राखिनेछ ।

४.९.३) यस कोषको रकम संस्थाले निम्न बमोजिम व्यहोर्ने गरी परिचालन गरिनेछ :

४.६.३.१) सदस्य सम्भावित महामारीमा परि ६ महिना सम्म आय आर्जनको काम गर्न असक्षम भएमा निजको अवस्थाको यथास्थितिको अनुगमन तथा अवलोकन गरि सो को सिफारिस कागजातका आधारमा निवेदन गरेमा बढीमा मासिक २,००० का दरले हुन आउने रकम ।

४.६.३.२) सदस्य सम्भावित महामारीमा परि ९ महिना सम्म आय आर्जनको काम गर्न असक्षम भएमा निजको अवस्थाको यथास्थितिको अनुगमन तथा अवलोकन गरि सो को सिफारिस कागजातका आधारमा निवेदन गरेमा बढीमा मासिक ३,००० का दरले हुन आउने रकम ।

४.६.३.३) सदस्य सम्भावित महामारीमा परि १२ महिना सम्म आय आर्जनको काम गर्न असक्षम भएमा निजको अवस्थाको यथास्थितिको अनुगमन तथा अवलोकन गरि सो को सिफारिस कागजातका आधारमा निवेदन गरेमा बढीमा मासिक ४,००० का दरले हुन आउने रकम ।

**३.५.३) अध्ययाय ३ मा व्यवस्था गरिएको प्रकरण ९ खारेज गरिनेछ :**

**३.६) सहज सहकारी उद्योग सञ्चालन निर्देशिकामा संशोधन देहाय बमोजिम गरिनेछ :**

३.६.१) प्रकरण ४.५)नियम ४.२ मा सृजना भएका पदहरु र नियम ४.३ मा तोकिए अनुसारका तहका कर्मचारीको दरबन्दी संख्या हाललाई निम्न बमोजिम हुनेछ:

**हालको कर्मचारी दरबन्दी विवरण:**

| क्र.सं. | पद | तह | किसिम | दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| ०१ | निर्देशक | सातौ | करार | १ | सलेप को काम समेत गर्ने गरी |
| ०२ | फिटर | दोश्रो | करार | १ | मिल चलाउन सक्ने प्राविधिक |
| ०३ | सहायक फिटर | श्रेणीबिहीन | करार | १ | उद्योगका कामको सहयोगी |

**४१.७)** उद्योगको मासिक कारोबारलाई संस्थाको चारखातामा प्रविष्ट हुने किसिमको विवरण तयार गरी संयोजक बाट प्रमाणित प्रगति विवरण एवम् बिल भरपाई संस्थामा पेश गर्नु पर्नेछ ।

**३.७) सहज सहकारी विदालय सञ्चालन निर्देशिका मा देहाय बमोजिम हुने गरी संशोधन गरिनेछ :**

३.१.१७.८)विद्यालयको वार्षिक कारोबारमा देखिने भएमा खुद वचतको रकम संस्थाको चार खातामा प्रविष्ट हुने संस्थाको विनियम बमोजिम संरक्षित पूँजीकोषमा आउने रकममध्ये २०% रकम लाई १००% मानी सोबाट नानीहरुका अभिभावक रहेका विद्यालयका शेयर सदस्यलाई ३०%, विद्यालयका लागि शेयर पूँजी लगानी गर्ने सदस्यलाई ३०% र विद्यालयमा कार्यरत शिक्षक तथा

कर्मचारीलाई २०%, तथा विद्यालय सञ्चालनमा जिम्मेवार उपसमिति तथा विद्यालय सञ्चालक समिति सदस्यहरुलाई २०%का दरले विद्यालयको हरेक वार्षिक उत्सव पछि निजहरुलाई सो रकम वितरण गर्ने व्यवस्था मिलाउने । यो रकम अभिभावक शेयर सदस्यलाई विद्यालयमा बुझाएको पढाइ शुल्कको रकमको आधारमा, शिक्षक तथा कर्मचारीको तलब स्केल तथा ग्रेड रकमको योगको आधारमा, विद्यालय सञ्चालन प्रयोजनमा १००० कित्ता शेयर लिने सदस्यलाई निजहरुको पूँजीको आधारमा र उपसमिति तथा विद्यालय सञ्चालक समितिको विद्यालयको वैठक, भेला आदि मा भएको उपस्थिति अभिलेखका आधारमा दामाशाहीले वितरण गर्ने ।

**४) मस्यौदा भएका निम्न निर्देशिकाहरु लागु गरिनेछ :**

**४.१) सहकारी मापदण्ड २०८१ अनुकुल बनाउन तयार भएको देहाय बमोजिमका निर्देशिकाको मस्यौदाहरु २०८२ असोज १ गतेबाट लागु गर्न यस साधारण सभामा गरिनेछ :**

**४.१..१) सहज सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्) निवारण निर्देशिका २०८२**
**४.१.२) सहज कर्मचारी प्रशासन निर्देशिका २०८२**
**४.१.३) सहज कृषि परियोजना सञ्चालन निर्देशिका २०८२**
**४.१.४) सहज जिन्सी व्यवस्थापन निर्देशिका २०८२**

**५) निर्देशिकाका अनुसूचीहरु स्वीकृत गरिने**

**५.१) अनुसूची ३, (३क), (३ख), (३ग) (३घ)**
**५.२) अनुसूची ४ र ४ सित सम्बन्धित (४क), (४ख), (४ग), (४घ), (४ङ), (४च), (४छ), (४ज), (४झ), (४ञ), (४ट), (४ठ), (४ड), (४ढ), (४ण), (४त), ।**
**५.३) अनुसूची ११ (सदस्यता पहिचान पत्र)**
**५.४) अनुसूची १२ (संस्थागत सदस्यता पहिचान पत्र)**